## जैमिनी नगरपालिकाको कृषि तथा पशुपन्छी विकास कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८३

**कार्यपालिकाबाट स्वीकृत मितिः २०८३/०४/२२**

__प्रस्तावनाः__ कृषि तथा पशुपन्छी विकासका लागि कृषिजन्य वस्तुको उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने उद्देश्यले जैमिनी नगरपालिकाका सबै वडाहरूमा क्षेत्रगत सम्भावना र उपयुक्तताका आधारमा विभिन्न कृषि तथा पशुपन्छी पकेट क्षेत्रहरू निर्माण हुँदै आएका छन्। बहुजाति, बहुभाषा, बहुधर्म र विविध संस्कृतिले सम्पन्न यस नगरपालिकामा कृषि तथा पशुपन्छी व्यवसायको प्रचुर सम्भावना रहेको छ। यस सम्भावनालाई उपयोग गर्दै युवा कृषक, कृषक समूह, कृषि सहकारी, पशुपन्छी फर्म, कृषि तथा पशुपन्छी फर्म तथा अन्य कृषि उद्यमीहरूलाई लक्षित गरी उपयुक्त कृषि तथा पशुपन्छी विकास कार्यक्रम सञ्चालनमार्फत दिगो कृषि विकास, व्यवस्थित कृषि व्यवसाय प्रवर्द्धन तथा उत्पादनमुखी कार्यक्रम सञ्चालनमा जोड दिइँदै आएको छ। जैमिनी नगरपालिकालाई कृषि तथा पशुपन्छी विकासको क्षेत्रमा आत्मनिर्भर बनाउने उद्देश्यले रासायनिक विषादीको न्यूनतम प्रयोग वा रहित कृषि उत्पादन, प्रतिस्पर्धात्मक बजार विकास तथा नमूना कृषि कार्यक्रमहरू सञ्चालन हुँदै आएका छन्। नगरपालिकाले सिँचाइका नहर निर्माण तथा व्यवस्थापन, कृषि बजार व्यवस्थापन, खाद्यान्न बालीको बीउ उत्पादन, तरकारी खेती, मौरीपालन, च्याउ खेती, ग्रिनहाउस तथा प्लाष्टिक घरटनेल निर्माण, मौसमी तथा बेमौसमी तरकारी उत्पादन, पशु स्वास्थ्य सेवा, पशु आहारा व्यवस्थापन तथा नश्ल सुधारलगायतका कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ।

यसै सन्दर्भमा जैमिनी नगरपालिकामा सञ्चालन हुने विभिन्न प्रकृतिका कृषि तथा पशुपन्छी विकास कार्यक्रमहरूलाई व्यवस्थित, प्रभावकारी, पारदर्शी र परिणाममुखी बनाई सञ्चालन गर्ने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी जैमिनी नगर कार्यपालिकाबाट **"जैमिनी नगरपालिकाको कृषि तथा पशुपन्छी विकास कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८३"** स्वीकृत गरिएको छ।

### परिच्छेद -१
### __प्रारम्भिक__

१. __संक्षिप्त नाम र प्रारम्भः__ (१) यो कार्यविधिको नाम "जैमिनी नगरपालिकाको कृषि तथा पशुपन्छी विकास कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि जैमिनी नगरपालिका क्षेत्रभित्र लागू हुनेछ।

(३) यो कार्यविधि जैमिनी नगरपालिका नगर कार्यपालिकाबाट स्वीकृत भएपछि लागू हुनेछ।

२. __परिभाषाः__ विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः

(क) **नगरपालिका** भन्नाले जैमिनी नगरपालिका सम्झनु पर्दछ।

(ख) **कार्यालय** भन्नाले जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय सम्झनु पर्दछ।

(ग) **प्रमुख** भन्नाले जैमिनी नगरपालिकाको नगर प्रमुखलाई जनाउने छ।

(घ) **उप-प्रमुख** भन्नाले जैमिनी नगरपालिकाको नगर उपप्रमुखलाई जनाउने छ।

(ङ) **प्रमुख प्रशासकीय अधिकृत** भन्नाले जैमिनी नगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई जनाउने छ।

(च) **शाखा** भन्नाले जैमिनी नगरपालिकाको कृषि विकास र पशु सेवा शाखा समेतलाई सम्झनु पर्दछ।

(छ) **वडा** भन्नाले जैमिनी नगरपालिका अन्तर्गतका सबै वडाहरू सम्झनु पर्दछ।

(ज) **प्राविधिक** भन्नाले कृषि विकास/पशु सेवा शाखामा कार्यरत वा शाखाबाट खटाइएको सम्बन्धित प्राविधिक सम्झनु पर्दछ।

(झ) **सहकारी** भन्नाले कृषि सहकारी वा कृषि कार्यक्रम समावेश भएको सहकारी संस्थालाई सम्झनु पर्दछ।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

(ञ) **कृषक** भन्नाले कृषि कर्म गर्ने व्यक्ति वा संस्थाका सदस्य सम्झनु पर्दछ।

(ट) **अनुदान** भन्नाले सम्बन्धित कृषि विकास, पशु विकास कार्यक्रम/सञ्चालनका लागि दिइने अनुदान सम्झनु पर्दछ।

(ठ) **प्रस्तावक** भन्नाले यस कार्यविधिबमोजिम अनुदान प्राप्त गर्न आवेदन दिने वा अनुदान प्राप्त गर्ने कृषक, व्यावसायिक कृषि फर्म, कृषक समूह, कृषि सहकारी, पशुपन्छी फर्म, कृषि तथा पशुपन्छी फर्म, दुग्ध सहकारी तथा निजी फर्म उद्यमीलाई सम्झनु पर्दछ।

(ड) **कार्यविधि** भन्नाले "जैमिनी नगरपालिकाको कृषि तथा पशुपन्छी विकास कार्यक्रम (सञ्चालन तथा व्यवस्थापन) सम्बन्धी कार्यविधि २०८३" लाई सम्झनु पर्दछ।

(ढ) **समिति** भन्नाले जैमिनी नगरपालिकाको आर्थिक विकास समितिलाई सम्झनु पर्दछ।

(ण) **लगानी रकम** भन्नाले कार्यक्रम सम्झौतामा उल्लेख भएबमोजिम अनुदान रकम, प्रस्तावकले व्यहोर्ने नगद तथा श्रमदानसहितको कुल लगानी रकमलाई सम्झनु पर्दछ।

(त) **श्रमदान** भन्नाले प्रस्तावक वा सेवाग्राहीले कार्यक्रम सञ्चालनका क्रममा गर्ने अभिलेखित श्रम योगदानलाई सम्झनु पर्दछ।

(थ) **मागमा आधारित अनुदान कार्यक्रम** भन्नाले प्रस्तावकको माग, प्रस्ताव तथा स्वीकृतिका आधारमा प्रदान गरिने अनुदान कार्यक्रमलाई सम्झनु पर्दछ।

## परिच्छेद-२
## औचित्य र उद्देश्य:

३. **कार्यविधिको औचित्य:** (१) नेपाल कृषि प्रधान देश हो। हाल कुल जनसंख्याको करिब ६० प्रतिशत जनसंख्या कृषिमा आश्रित रहेको र कुल गार्हस्थ्य उत्पादन (GDP) को अनुपातमा कृषि क्षेत्रको योगदान २३.९ प्रतिशत रहेको छ। तथापि, विगत केही वर्षयता कृषिमा आश्रित जनसंख्या क्रमशः घट्दै जानु, कृषि व्यवसायप्रतिको आकर्षण कम हुनु र कृषि योग्य जमिनसमेत बाँझो रहने अवस्था रहनु मुलुकको चुनौतिपूर्ण अवस्था हो। यस अवस्थालाई सुधार गर्दै कृषि व्यवसायप्रतिको आकर्षण अभिवृद्धि गर्ने, कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गरी कृषि क्षेत्रलाई व्यावसायिक, प्रतिस्पर्धी र दिगो बनाउने तथा जैमिनी नगरपालिकाले अवलम्बन गरेको **"समृद्ध जैमिनी, खुसी र आत्मनिर्भर जैमिनीवासी"** भन्ने नीतिलाई साकार पार्ने उद्देश्यले यो कार्यविधि तयार गरिएको हो। साथै, कृषि पेशालाई मर्यादित, सम्मानित तथा आकर्षक व्यवसायका रूपमा विकास गर्दै सुरक्षित, ताजा र स्वस्थ कृषि उपज उत्पादन गरी स्थानीय आवश्यकताको परिपूर्ति गर्नुका साथै बाह्य बजारसम्म विस्तार गर्ने तथा जैमिनी नगरपालिकालाई कृषि विकासको नमूना स्थानीय तहका रूपमा स्थापित गर्ने उद्देश्य पनि यस कार्यविधिले लिएको छ।

(२) यसैगरी, जैमिनी नगरपालिकाले कृषि तथा पशुपन्छी विकासका क्षेत्रमा विनियोजन गरेको बजेटको प्रभावकारी, पारदर्शी र मितव्ययी रूपमा सदुपयोग सुनिश्चित गर्न, कार्यक्रम सञ्चालन प्रक्रियालाई व्यवस्थित, एकरूपता र परिणाममुखी बनाउन, सेवा प्रदायक र सेवाग्राहीबीच समन्वय, पारदर्शिता तथा विश्वास अभिवृद्धि गर्न र उपलब्ध स्रोत साधनको अधिकतम उपयोगका लागि आवश्यक मार्गदर्शन प्रदान गर्ने उद्देश्यले पनि यो कार्यविधि तयार गरिएको हो।

४. **उद्देश्य:** यस कार्यविधिको उद्देश्य देहायबमोजिम रहेको छन्:

(क) व्यावसायिक तथा प्रतिस्पर्धी कृषि प्रणालीको विकासमार्फत उच्च, दिगो र समावेशी आर्थिक वृद्धि तथा आर्थिक विकास हाँसिल गरी खाद्य तथा पोषण सुरक्षा सुदृढ गर्नु।

(ख) कृषि क्षेत्रमा उन्नत तथा हाइब्रिड बीउबिजन, मल, कृषि औजार तथा यान्त्रिकीकरणको प्रयोग विस्तार गरी उत्पादन तथा उत्पादकत्व वृद्धि गर्नु।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुस्मीसेरा, बागलुङ
२०७३

CamScanner

(ग) पशुपन्छी क्षेत्रमा पशु स्वास्थ्य, पशु उत्पादन, पशु सेवा तथा नस्ल सुधारका कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नु।

(घ) व्यावसायिक कृषि प्रणालीको विकासमार्फत कृषिको प्रतिस्पर्धात्मक क्षमता अभिवृद्धि गर्नु।

(ङ) प्राकृतिक स्रोत, वातावरण तथा जैविक विविधताको संरक्षण, सम्वर्द्धन र दिगो उपयोगलाई प्रवर्द्धन गर्नु।

(च) प्रस्तावकबाट प्राप्त स्वीकृत प्रस्तावअनुसारका कृषि तथा पशुपन्छी कार्यक्रम प्रभावकारी रूपमा सञ्चालन गर्नु।

(छ) कृषि क्षेत्रमा नवीन प्रविधि, अनुसन्धान तथा नवप्रवर्तनको विस्तार गरी उत्पादन लागत घटाउनु तथा उत्पादनको गुणस्तर र प्रतिस्पर्धात्मकता वृद्धि गर्नु।

(ज) कृषि तथा पशुपन्छी क्षेत्रको व्यावसायिकीकरण, आधुनिकीकरण र मूल्य शृङ्खला विकासमार्फत **"समृद्ध जैमिनी, खुसी र आत्मनिर्भर जैमिनीवासी"** भन्ने नगरपालिकाको लक्ष्य प्राप्तिमा योगदान पुर्‍याउनु।

## परिच्छेद-३
## कृषि विकास शाखा तर्फका कार्यक्रम र सञ्चालनका आधार

५. **बाँदर नियन्त्रणका उपायका लागि अध्ययन कार्यक्रमः** (१) कृषियोग्य जमिनमा बाँदर प्रवेशका कारण कृषि बालीमा भइरहेको क्षति न्यूनीकरण गर्न, प्रभावित क्षेत्र, क्षतिको अवस्था तथा बाँदरको बासस्थान र आवागमनको अध्ययन गरी प्रभावकारी, वातावरणमैत्री तथा दीर्घकालीन नियन्त्रणका उपायहरूको पहिचान गर्न यो कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रममार्फत कृषक तथा सम्बन्धित सरोकारवालासँग समन्वय गरी स्थानीय आवश्यकता र सम्भाव्यताका आधारमा उपयुक्त नियन्त्रण विधिहरूको सिफारिस गरिनुका साथै स्थानीय तहमा कार्यान्वयन गर्न सकिने नीति, योजना र कार्यक्रम तर्जुमाका लागि आवश्यक आधार तयार गरिनेछ।

(२) **अध्ययनका विषयः** यस कार्यक्रममा निम्नानुसारका अध्ययनका विषयहरु हुन सक्नेछन्:

(क) बाँदरको बसोवास क्षेत्र पहिचान

(ख) सवैभन्दा बढी प्रभावित बाली

(ग) आर्थिक क्षतिको विवरण

(घ) किसानले अपनाएका नियन्त्रणका उपाय

(ङ) सम्भावित नयाँ प्रविधि तथा उपाय

(च) अन्य स्थानीय तहको सफल अभ्यास आदि।

(३) **कार्यान्वयन प्रक्रियाः** यो कार्यक्रम निम्नानुसारको कार्यान्वयन प्रक्रियाबमोजिम कार्यान्वयन हुनेछः

(क) कृषि शाखाको सिफारिसमा आर्थिक विकास समितिको निर्णय अनुसार अध्ययन क्षेत्र निर्धारण गरिनेछ।

(ख) सम्बन्धित वडा तथा सरोकारवालासँग समन्वय गरी प्रभावित क्षेत्रको तथ्याङ्क संकलन गरिनेछ।

(ग) कृषि शाखाद्वारा सम्बन्धित विषयविज्ञको खोजी गरी (व्यक्तिगत वा संस्थागत) क्षतिको अवस्था, बाँदरको आवतजावत क्षेत्र तथा नियन्त्रणका सम्भावित उपायहरूको अध्ययन गरिनेछ।

(घ) अध्ययन प्रतिवेदनका आधारमा उपयुक्त नियन्त्रण उपायहरूको प्रारम्भिक परीक्षण तथा अभ्यास सञ्चालन गरिनेछ।

(ङ) अध्ययन प्रतिवेदनको आधारमा कार्ययोजना तयार गरी आर्थिक विकास समितिको सिफारिसमा कार्यपालिकाबाट स्वीकृत गरेर कार्यान्वयन गरिनेछ।

(च) आवश्यकता अनुसार सम्बन्धित निकायसँग समन्वय गरी नियन्त्रण कार्यक्रम सञ्चालन गरिनेछ।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

CamScanner

६. **बाली उपयुक्तता अध्ययन तथा कृषि पार्श्वचित्र कार्यक्रमः** (१) स्थानीय भू-बनोट, हावापानी, माटो, सिंचाइ, उत्पादन सम्भाव्यता तथा बजारको अवस्थाको वैज्ञानिक अध्ययन गरी प्रत्येक क्षेत्रका लागि उपयुक्त बाली तथा कृषि उद्यमको पहिचान गर्ने, कृषि क्षेत्रको यथार्थ पार्श्वचित्र तयार गरी सोका आधारमा योजनाबद्ध कृषि विकास कार्यक्रम सञ्चालन गर्ने उद्देश्यले बाली उपयुक्तता अध्ययन तथा कृषि पार्श्वचित्र कार्यक्रम सञ्चालन गरिनेछ।

(२) यस कार्यक्रममार्फत स्थानीय स्रोत साधनको अधिकतम उपयोग, क्षेत्रअनुसार कृषि पकेट तथा ब्लक क्षेत्र विकास, उत्पादन तथा उत्पादकत्व वृद्धि, जलवायु अनुकूल कृषि प्रवर्द्धन तथा कृषि योजनाको प्रभावकारी कार्यान्वयनमा सहयोग पुग्ने अपेक्षा गरिएको छ।

(३) **अध्ययनका विषयः** यस कार्यक्रममा निम्नानुसारका अध्ययनका विषयहरु हुनेछन्:

(क) किसान संख्या
(ख) खेतीयोग्य जमिन
(ग) सिंचाइ अवस्था
(घ) प्रमुख बाली
(ङ) फलफूल खेती
(च) तरकारी खेती
(छ) नगदे बाली
(ज) पशुपन्छी संख्या
(झ) कृषि पूर्वाधार
(ञ) कृषि यन्त्र
(ट) कृषि सडक
(ठ) बजार पहुँच
(ड) उत्पादन तथा उत्पादकत्व
(ढ) विपद् जोखिम
(ण) बाँदर तथा वन्यजन्तुबाट हुने क्षति आदि।

(४) **अध्ययनका आधार (बाली उपयुक्तता):** यस कार्यक्रममा निम्नानुसारका विषयहरु अध्ययनका आधार हुनेछन्:

(क) उचाइ (Altitude)
(ख) तापक्रम
(ग) वर्षा
(घ) माटोको प्रकार
(ङ) माटोको pH value
(च) ढलान
(छ) सिंचाइ उपलब्धता
(ज) सडक पहुँच
(झ) बजार पहुँच
(ञ) जलवायु जोखिम आदि।

(५) **कार्यक्रमका मुख्य क्रियाकलापः** यस कार्यक्रममा देहाय बमोजिमका मुख्य क्रियाकलाप समावेश गरिनेछः

(क) कृषि तथ्याङ्क संकलन।

शर्मिला पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

(ख) किसान तथा कृषि समूहको विवरण अद्यावधिक।
(ग) बाली क्षेत्रफल तथा उत्पादनको अभिलेखीकरण।
(घ) GIS तथा GPS को प्रयोगमार्फत बाली क्षेत्रफल संकलन।
(ङ) माटो परीक्षण तथा नक्साङ्कन गरी उपयुक्तता अध्ययन।
(च) कृषि पार्श्वचित्र प्रतिवेदन तयारी आदि।

(६) **कार्यान्वयन प्रक्रियाः** यस कार्यक्रम कार्यान्वयन गर्दा निम्नानुसारको प्रक्रिया अवलम्बन हुनेछन्:

(क) कार्यक्रम कार्यान्वयनः यस नगरपालिकाको कृषि शाखामार्फत कृषि प्राविधिकहरूको परिचालन गरी नगरपालिकाको कृषि पार्श्वचित्र तयार गरिनेछ। कृषि पार्श्वचित्र तयारी कार्यमा संलग्न प्राविधिकहरूलाई स्वीकृत कार्ययोजना तथा प्रचलित कानुनबमोजिम कार्यक्रमको परिधिभित्र रहेर आवश्यक सेवा सुविधा उपलब्ध गराउन सकिनेछ। कार्यालयको आवश्यकताअनुसार संस्थागत वा व्यक्तिगत परामर्श सेवा समेत लिन सकिनेछ। कार्यक्रम कार्यान्वयन देहायअनुसार गरिनेछः

(ख) अवधारणापत्र र कार्ययोजना स्वीकृत गर्ने।
(ग) वडा स्तरमा तथ्याङ्क संकलन गर्ने।
(घ) स्थलगत निरीक्षण गर्ने।
(ङ) आवश्यकताअनुसार GIS/GPS Mapping गर्ने।
(च) आवश्यकताअनुसार माटो परीक्षण तथा अन्य प्राविधिक परीक्षण गर्ने।
(छ) सङ्कलित तथ्याङ्कको विश्लेषण तथा प्रमाणीकरण गर्ने।
(ज) कृषि पार्श्वचित्र (Agricultural Profile) तयार गर्ने।
(झ) तयार भएको कृषि पार्श्वचित्र आर्थिक विकास समितिबाट स्वीकृत गराउने आदि।

(७) **प्रतिवेदनमा समावेश हुने विषयः** प्रतिवेदनमा सारभूत रुपमा निम्नानुसारको विषय समावेश गरिनेछः

(क) नगरको कृषि परिचय
(ख) वडा अनुसार कृषि अवस्था
(ग) प्रमुख बालीको अवस्था
(घ) मुख्य बालिको उत्पादन तथा उत्पादकत्व
(ङ) बाली उपयुक्तता नक्सा
(च) सम्भावित पकेट क्षेत्र
(छ) कृषि व्यवसायका सम्भावना
(ज) समस्या तथा चुनौती
(झ) सुझाब तथा सिफारिस आदि।

७. **<u>कृषि तथा पशुपन्छी बीमा अभिमुखीकरण कार्यक्रमः</u>** (१) कृषि तथा पशुपन्छी व्यवसाय प्राकृतिक विपद्, रोगव्याधी, जलवायु परिवर्तन तथा अन्य विभिन्न जोखिमबाट प्रत्यक्ष रूपमा प्रभावित हुने क्षेत्र हो। यस्ता जोखिमका कारण कृषकले ठूलो आर्थिक क्षति व्यहोर्नुपर्ने अवस्था सिर्जना हुने भएकाले कृषि तथा पशुपन्छी बीमाले जोखिम व्यवस्थापनको प्रभावकारी माध्यमका रूपमा महत्वपूर्ण भूमिका खेल्दछ। कृषकहरूलाई बीमाको आवश्यकता, महत्व, सरकारी अनुदान व्यवस्था, बीमा गर्ने प्रक्रिया तथा क्षतिपूर्ति (दाबी) प्रक्रियाबारे स्पष्ट जानकारी प्रदान गरी बीमामा सहभागिता अभिवृद्धि गर्न आवश्यक देखिएको छ। यस कार्यक्रममार्फत व्यवसायिक कृषि तथा पशुपालनलाई सुरक्षित, दिगो र

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
बेनीसेरा, बागलुङ
२०७३

CamScanner

प्रतिस्पर्धी बनाउन सहयोग पुग्ने अपेक्षा गरिएको छ। उक्त उद्देश्य प्राप्तिका लागि जैमिनी नगरपालिकाका सबै वडामा कृषि तथा पशुपन्छी बीमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

(२) **कार्यक्रमका मुख्य क्रियाकलापः** यस कार्यक्रमका मुख्य क्रियाकलाप देहाय बमोजिमका हुनेछन्:

(क) स्थानीय कृषक तथा पशुपालक, कृषक समूह तथा सहकारीका प्रतिनिधि, व्यवसायिक, महिला, युवा तथा विपन्न कृषकको सहभागिता सुनिश्चित सुनिश्चित हुनेगरी सहभागी छनौट गरिनेछ।

(ख) कृषि तथा पशुपन्छी बीमाको आवश्यकता, महत्त्व तथा लाभका विषयमा अभिमुखीकरण कार्यक्रम सबै वडामा सञ्चालन गरिनेछ।

(ग) बीमा कम्पनी, स्थानीय तह तथा सम्बन्धित सरोकारवाला निकायबीच अन्तरक्रिया कार्यक्रम सञ्चालन गरिनेछ।

(घ) कृषि तथा पशुपन्छी बीमासम्बन्धी सूचना, पुस्तिका, पर्चा तथा अन्य प्रचार प्रसार सामग्री वितरण गरिनेछ आदि।

(३) **अभिमुखीकरणका विषयवस्तुः** यस कार्यक्रमका मुख्य विषयवस्तु देहयबमोजिम हुनेछन्:

(क) कृषि तथा पशुपन्छी बीमाको परिचय

(ख) बीमा गरिने बाली तथा पशुपन्छीको जानकारी

(ग) बीमा शुल्क र उपलब्ध अनुदान

(घ) बीमा दावी प्रक्रिया

(ङ) आवश्यक कागजात

(च) जोखिम व्यवस्थापनका उपाय

(छ) सफल अभ्यास तथा अनुभव आदानप्रदान आदि ।

(४) **कार्यक्रम सञ्चालन प्रक्रियाः** यस कार्यक्रम निम्नानुसारको सञ्चालन प्रक्रिया बमोजिम कार्यान्वयन हुनेछः

(क) कार्यक्रम र अवधारणापत्र स्वीकृत गर्ने।

(ख) सहभागी छनोट गर्ने।

(ग) स्रोत व्यक्ति तथा बीमा कम्पनीसँग समन्वय गर्ने।

(घ) अभिमुखीकरण सञ्चालन गर्ने।

(ङ) सहभागीको अभिलेख राख्ने।

(च) कार्यक्रमको मूल्याङ्कन तथा प्रतिवेदन तयार गर्ने।

८. **<u>स्थानीय उत्पादन प्रवर्द्धन कार्यक्रम (मौरीघार निर्माण तथा वितरण)</u>:** (१) स्थानीय स्तरमा मौरीपालन व्यवसायको विकास तथा विस्तार गरी गुणस्तरीय मौरीघारको निर्माणलाई प्रोत्साहन गर्न, मह तथा अन्य मौरीजन्य उत्पादनको उत्पादन र उत्पादकत्व वृद्धि गर्न, कृषकको आयआर्जन तथा रोजगारीका अवसर अभिवृद्धि गर्न तथा परागसेचनमार्फत फलफूल, तरकारी र अन्य कृषि बालीहरूको उत्पादन वृद्धि गरी कृषि प्रणालीलाई थप व्यवसायिक, उत्पादनमुखी र दिगो बनाउन स्थानीय उत्पादन प्रवर्द्धन कार्यक्रम (मौरीघार निर्माण तथा वितरण) सञ्चालन गरिनेछ।

(२) **लक्षित वर्गः** यो कार्यक्रम विशेषगरी मौरीघार निर्माण गर्ने उद्यमी, कृषि फर्म, कृषक समूह, कृषि सहकारी संस्था, मौरीपालन उद्यमी, युवा तथा महिला कृषकहरूलाई लक्षित गरी सञ्चालन गरिनेछ।

(३) **छनोट मापदण्डः** आवेदकले देहायका आधार पूरा गरेको हुनुपर्नेछः



रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
जैमिनी नगरपालिका
कुश्मीसेरा, बागलुङ
२०७३

CamScanner

(क) जैमिनी नगरपालिकाको स्थायी बासिन्दा भएको।
(ख) मौरीघार निर्माण सम्बन्धी कार्य एवम् मौरीघार बिक्री वितरण गरिरहेको।
(ग) मौरीघार निर्माणका लागि आवश्यक कार्यस्थल (Workshop) तथा आधारभूत उपकरण उपलब्ध भएको।
(घ) कार्यक्रममा समावेश हुन कृषि फर्म, कृषि समुह, कृषि सहकारी सम्बन्धित निकायमा दर्ता तथा नविकरण भएको हुनुपर्ने।
(ङ) लाभग्राही कृषक किसान सूचीकरणमा समावेश भएको हुनुपर्ने।
(च) मौरीघार निर्माण सम्बन्धी तालिम लिएकोलाई प्राथमिकता दिईने।
(छ) कम्तिमा २ वर्ष मौरीघार निर्माण गरी बिक्री वितरण सम्बन्धी कार्य गर्ने प्रतिवद्ध भएको हुनुपर्ने आदि।

**(४) कार्यान्वयन प्रक्रियाः** यस कार्यक्रम निम्नानुसारको सञ्चालन प्रक्रिया बमोजिम कार्यान्वयन हुनेछः
(क) सूचना प्रकाशन गर्ने।
(ख) आवेदन सङ्कलन गर्ने।
(ग) स्थलगत अनुगमन तथा छनोट गर्ने।
(घ) सम्झौता गर्ने।
(ङ) मौरीघार निर्माणका लागि आवश्यक सामग्री खरिद गर्ने।
(च) लाभग्राहीलाई वितरण गर्ने।
(छ) प्राविधिक अनुगमन गर्ने।
(ज) प्रगति प्रतिवेदन तयार गरी कार्य सम्पन्न गर्ने।

**(५) अनुदान व्यवस्था:** प्रस्तुत कार्यक्रम देहायको अनुदान व्यवस्थामा आधारित हुनेछः
(क) नगरपालिकाले स्वीकृत बजेट अनुसार मौरीघार निर्माण सम्बन्धी सामग्री, यन्त्र उपकरण खरिदमा अनुदान उपलब्ध गराउने।
(ख) कार्यालयको ७५% सम्म अनुदान र २५ % लाभग्राहीको लागत सहभागितामा कार्यक्रम सञ्चालन गरिनेछ।

**(६) लाभग्राहीको कर्तव्य तथा दायित्वः** यस कार्यक्रमबाट लाभ प्राप्त गर्ने लाभग्राहीले देहायको कर्तव्य तथा दायित्व पूरा गर्नुपर्नेछः
(क) मौरीघारको संरक्षण गर्ने।
(ख) मौरीघार निर्माण गरी बिक्री वितरण सम्बन्धी कार्य गर्ने।
(ग) प्राविधिकको सुझाव अनुसार निर्माण व्यवस्थापन गर्ने।
(घ) आवश्यक तथ्याङ्क नगरपालिकालाई उपलब्ध गराउने।
(ङ) स्वरोजगार उन्मुखतर्फ केन्द्रित हुने आदि।

९. **कृषि उपज बजारीकरणका लागि बिक्री केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यक्रमः** प्रस्तुत कार्यक्रम स्थानीय कृषकद्वारा उत्पादित कृषि उपजको व्यवस्थित संकलन, प्रदर्शन, बिक्री तथा बजारीकरणलाई प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालन गरिने कार्यक्रम हो। यस कार्यक्रममार्फत कृषक र उपभोक्ताबीच प्रत्यक्ष बजार पहुँच स्थापना गरी बिचौलियाको प्रभाव न्यूनीकरण गर्दै कृषकले आफ्ना उत्पादनको उचित तथा प्रतिस्पर्धी मूल्य प्राप्त गर्ने वातावरण सिर्जना गरिने साथै, स्थानीय स्तरमा उत्पादित कृषि उपजको ब्रान्डिङ, प्याकेजिङ, गुणस्तर व्यवस्थापन तथा बिक्री प्रवर्द्धनमा सहयोग पुन्याई कृषि उत्पादनलाई व्यवसायिक, प्रतिस्पर्धी र बजारमुखी बनाउने तथा कृषकको आयआर्जन वृद्धि र स्थानीय अर्थतन्त्र सुदृढीकरणमा टेवा पुन्याउने लक्ष्यका साथ यो कार्यक्रम सञ्चालन गरिनेछ। बिक्री केन्द्रमार्फत तरकारी,

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

फलफूल, अन्नबाली, दलहन तथा तेलहन, मसलाबाली, मह तथा मौरीजन्य उत्पादन, प्रचलित खाद्य सुरक्षा तथा गुणस्तर मापदण्डअनुसारका दुग्ध तथा दुग्धजन्य उत्पादन तथा अन्य स्थानीय कृषि उपजको संकलन, प्रदर्शन, बिक्री तथा बजारीकरण गरिनेछ।

(१) **कार्यक्रम सञ्चालन क्षेत्रः** जैमिनी नगरपालिकाले आवश्यकताअनुसार तोकेको स्थान वा बिक्री केन्द्रमा कार्यक्रम सञ्चालन गर्नेछ।

(२) **कार्यक्रम सञ्चालन प्रक्रियाः** यस कार्यक्रम निम्नानुसारको सञ्चालन प्रक्रिया बमोजिम कार्यान्वयन हुनेछः

(क) बिक्री केन्द्र स्थापना वा सञ्चालनका लागि आर्थिक विकास समितिको निर्णयबमोजिम उपयुक्त स्थान छनोट गरिनेछ।

(ख) बिक्री केन्द्र सञ्चालन गर्न इच्छुक कृषि उद्यमी, कृषक समूह, सहकारी संस्था वा अन्य योग्य संस्थालाई सूचना प्रकाशन गरी आवेदन आह्वान गरिनेछ।

(ग) छनोट भएका कृषि उद्यमी, कृषक समूह वा सहकारी संस्थासँग बिक्री केन्द्र सञ्चालनसम्बन्धी सम्झौता गरिनेछ।

(घ) स्थानीय कृषक, कृषक समूह तथा सहकारी संस्थासँग समन्वय गरी कृषि उपजको संकलन, वर्गीकरण, भण्डारण, प्रदर्शन तथा दैनिक बिक्री व्यवस्थापन गरिनेछ।

(ङ) कृषि उपजको मूल्य निर्धारण, मूल्य सूची प्रदर्शन तथा आवश्यकता अनुसार डिजिटल अभिलेख र मूल्य सूचना प्रणाली सञ्चालन गरिनेछ।

(च) बिक्री केन्द्रको नियमित अनुगमन, मूल्याङ्कन तथा प्रगति प्रतिवेदन तयार गरी अभिलेखीकरण गरिनेछ।

(छ) आवश्यकताअनुसार बिक्री केन्द्रको व्यवस्थापन, सरसफाइ, गुणस्तर नियन्त्रण, खाद्य सुरक्षा मापदण्डको पालना तथा उपभोक्ता गुनासो व्यवस्थापनका कार्यहरू सञ्चालन गरिनेछन् आदि।

(३) **बिक्री केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यक्रम छनोट मापदण्डः** बिक्री केन्द्र सञ्चालनका लागि प्राप्त आवेदनहरूको मूल्याङ्कन देहायका आधारमा गरीनेछः

(क) कृषि उपज संकलन, बिक्री तथा बजारीकरणसम्बन्धी अनुभवलाई प्राथमिकता दिइनेछ।

(ख) आवेदन दिने कृषि उद्यमी, कृषक समूह वा सहकारी संस्थाको दर्ता अवस्था, संस्थागत क्षमता तथा व्यवस्थापन पक्षको मूल्याङ्कन गरिनेछ।

(ग) स्थानीय कृषकबाट उत्पादित कृषि उपजको संकलन, वर्गीकरण, भण्डारण तथा बिक्री व्यवस्थापन गर्ने स्पष्ट कार्ययोजनालाई आधार मानिनेछ।

(घ) बिक्री केन्द्र सञ्चालनका लागि प्रस्ताव गरिएको स्थानको उपयुक्तता, बजार पहुँच, उपभोक्ताको पहुँच तथा बजार सम्भावनालाई प्राथमिकता दिइनेछ।

(ङ) कृषि उपजको गुणस्तर कायम गर्ने, सरसफाइ व्यवस्थापन गर्ने तथा खाद्य सुरक्षा मापदण्ड पालना गर्ने क्षमताको मूल्याङ्कन गरिनेछ।

(च) डिजिटल अभिलेख व्यवस्थापन, मूल्य सूचना प्रणाली तथा पारदर्शी बिक्री प्रणाली सञ्चालन गर्ने क्षमतालाई प्राथमिकता दिइनेछ।

(छ) महिला, युवा तथा स्थानीय कृषकको सहभागिता सुनिश्चित गर्ने संस्था वा प्रस्तावलाई प्राथमिकता दिइनेछ।

(ज) प्राप्त आवेदनमध्ये उपयुक्त देखिएका आवेदकलाई छनोट समितिको मूल्याङ्कन तथा सिफारिसका आधारमा बिक्री केन्द्र सञ्चालनका लागि छनोट गरिनेछ। समान अवस्था भएमा स्थानीय कृषि उपजको बढी संकलन तथा बजारीकरण गर्ने र बढी कृषकलाई लाभान्वित गराउने आवेदकलाई प्राथमिकता दिइनेछ।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

(५) **मूल्य निर्धारणः** मुल्य निर्धारण देहाय बमोजिम हुनेछः

(क) बजार मूल्य, उत्पादन लागत तथा स्थानीय अवस्थालाई आधार मानी दैनिक वा साप्ताहिक मूल्य निर्धारण गरिनेछ।

(ख) कृषकलाई पारदर्शी रूपमा मूल्य जानकारी गराइनेछ।

(६) **खर्च व्यवस्थाः** बिक्री केन्द्र सञ्चालन तथा व्यवस्थापनका लागि मासिक सटर भाडा नगरपालिकाको स्वीकृत बजेटको सीमाभित्र रही प्रचलित कानुनबमोजिम उपलब्ध गराइनेछ।

१०. **विद्यालय करेसाबारी स्थापना कार्यक्रमः** (१) विद्यालय करेसाबारी स्थापना कार्यक्रम विद्यालय परिसरको प्रभावकारी उपयोग गरी पोषणयुक्त तरकारी तथा फलफूल उत्पादनलाई प्रवर्द्धन गर्ने उद्देश्यले सञ्चालन गरिने कार्यक्रम हो। यस कार्यक्रममार्फत विद्यार्थीहरूमा कृषि, पोषण, वातावरण संरक्षण तथा प्राकृतिक स्रोतको दिगो उपयोगसम्बन्धी व्यवहारिक ज्ञान, सीप र सकारात्मक सोचको विकास गरिनेछ। साथै, विद्यालयमा उत्पादित ताजा तथा स्थानीय कृषि उपजलाई दिवा खाजा कार्यक्रममा उपयोग गरी विद्यार्थीको पोषण अवस्थामा सुधार ल्याउने, विद्यालय परिसरलाई हरियाली, स्वच्छ तथा आकर्षक बनाउने र विद्यालय तथा समुदायबीच कृषि सिकाइको वातावरण सुदृढ गर्ने लक्ष्य राखिएको छ। यो कार्यक्रम जैमिनी नगरपालिकाभित्रका सामुदायिक विद्यालयहरूमा सञ्चालन गरिनेछ। सामुदायिक विद्यालय, विद्यालय व्यवस्थापन समिति, शिक्षक तथा विद्यार्थी, अभिभावक समिति, कृषि समूह तथा स्थानीय कृषकहरू यस कार्यक्रमका लक्षित समूह हुनेछन्।

(२) **कार्यक्रम अन्तर्गतका क्रियाकलापः** यस कार्यक्रम अन्तर्गत देहायका क्रियाकलाप समावेश गरिनेछः

(क) विद्यालय करेसाबारी स्थापना।

(ख) मौसमी तरकारी तथा फलफूल खेती।

(ग) प्राङ्गारिक मल उत्पादन (कम्पोष्ट)।

(घ) सिँचाइ तथा संरक्षण व्यवस्थापन।

(ङ) कृषि तथा पोषणसम्बन्धी व्यवहारिक प्रशिक्षण।

(च) उत्पादनलाई विद्यालयको दिवा खाजा कार्यक्रममा उपयोग गर्ने आदि।

(३) **विद्यालय छनोटका आधारः** देहायका आधारमा विद्यालय छनोट गरिनेछः

(क) करेसाबारी स्थापनाका लागि कम्तिमा १ रोपनी जग्गा उपलब्ध भएको।

(ख) विद्यालय व्यवस्थापन समितिको प्रतिवद्धता भएको।

(ग) दिवा खाजा कार्यक्रम सञ्चालन भएको।

(घ) माध्यामिक तहको पठनपाठन भएको विद्यालय हुनुपर्ने।

(ङ) विद्यार्थी तथा शिक्षकको सक्रिय सहभागिता सुनिश्चित भएको।

(च) करेसाबारीको दीगो व्यवस्थापन गर्ने योजना भएको आदि ।

(४) **उपलब्ध गराइने सहयोगः** नगरपालिकाले आवश्यकता र बजेटको आधारमा देहायका सामग्री शतप्रतिशत अनुदानमा उपलब्ध गराउन सक्नेछः

(क) उन्नत तरकारी तथा फलफूलका बीउबिजन र बिरुवा।

(ख) जैविक मल तथा सूक्ष्म पोषक तत्व ।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३



CamScanner

(ग) साना सिँचाइ पुर्वाधार।

(घ) कृषि सामग्री र औजार ।

(ङ) प्राविधिक परामर्श तथा तालिम आदि।

(५) **कार्यान्वयन प्रक्रिया:** प्रस्तुत कार्यक्रम कार्यान्वयन निम्नानुसार गरिनेछ:

(क) सार्वजनिक सूचना वा विद्यालयबाट प्रस्ताव आह्वान गर्ने।

(ख) स्थलगत निरीक्षण तथा विद्यालय छनोट गर्ने।

(ग) विद्यालयसँग सम्झौता गर्ने।

(घ) आवश्यक सामग्री तथा प्राविधिक सहयोग उपलब्ध गराउने।

(ङ) करेसाबारी स्थापना तथा सञ्चालन गर्ने।

(च) नियमित प्राविधिक अनुगमन र अभिलेखीकरण गर्ने।

(छ) त्रैमासिक अनुगमन प्रतिवेदन तयार गर्ने ।

(६) **विद्यालयको दायित्व:** कार्यक्रम सञ्चालन गर्दा विद्यालयको निम्नानुसारको दायित्व हुनेछ:

(क) करेसाबारीको नियमित हेरचाह तथा संरक्षण गर्ने।

(ख) विद्यार्थीलाई व्यवहारिक कृषि सिकाइमा सहभागी गराउने।

(ग) उत्पादनलाई विद्यालयको दिवा खाजा कार्यक्रममा प्रयोग गर्ने।

(घ) कार्यक्रमको अभिलेख राखी नगरपालिकालाई आवश्यक विवरण उपलब्ध गराउने आदि।

**११. मेलामा आधारित हाटबजार सञ्चालन तथा कृषि प्रदर्शनी कार्यक्रम:** (१) जैमिनी नगरपालिकाको कृषि तथा ग्रामीण अर्थतन्त्रलाई सुदृढ बनाउन स्थानीय उत्पादनको प्रवर्द्धन, बजारीकरण तथा उद्यमशीलताको विकास अत्यन्त आवश्यक रहेको छ। स्थानीय स्तरमा उत्पादित कृषि तथा पशुजन्य वस्तु, घरेलु उद्योगका उत्पादन तथा स्थानीय सीप र प्रविधिलाई उपभोक्तासम्म सहज रूपमा पुऱ्याउने प्रभावकारी माध्यमका रूपमा मेला तथा हाटबजारले महत्वपूर्ण भूमिका निर्वाह गर्दछन्। यस्ता कार्यक्रमहरूले कृषक तथा उद्यमीलाई आफ्ना उत्पादनको प्रदर्शनी, प्रचारप्रसार, बिक्री वितरण तथा सम्भावित खरिदकर्ता र व्यवसायीसँग प्रत्यक्ष सम्पर्क स्थापित गर्ने अवसर प्रदान गर्नुका साथै नयाँ प्रविधि, नवप्रवर्तन र सफल अभ्यासहरूको आदानप्रदान गर्न सहयोग पुऱ्याउँछन्।
स्थानीय संस्कृति, कृषि पर्यटन, रोजगारी तथा आर्थिक गतिविधिको विस्तारमा समेत सकारात्मक योगदान पुग्ने भएकाले मेलामा आधारित हाटबजार सञ्चालन तथा कृषि प्रदर्शनी कार्यक्रम सञ्चालन गरी स्थानीय उत्पादनको मूल्य अभिवृद्धि, बजार पहुँच विस्तार तथा कृषकको आयआर्जन वृद्धि गर्ने उद्देश्य राखेर यो कार्यक्रम सञ्चालन गरिनेछ।

(२) **कार्यक्रमअन्तर्गत सञ्चालन गरिने क्रियाकलाप:** यस कार्यक्रममा निम्नानुसारको क्रियाकलाप सञ्चालन हुनेछन्:

(क) कृषि तथा पशुजन्य उत्पादन प्रदर्शनी।

(ख) स्थानीय उत्पादनको बिक्री तथा प्रवर्द्धन।

(ग) उत्कृष्ट उत्पादन प्रतियोगिता।

(घ) कृषि प्रविधि प्रदर्शन।

(ङ) बीउ, बिरुवा, कृषि औजार तथा यन्त्र प्रदर्शन।

(च) सांस्कृतिक कार्यक्रममार्फत स्थानीय उत्पादनको प्रवर्द्धन आदि।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुस्मीसेरा, बागलुङ
२०७३

(३) **सहभागी छनोटः** कार्यक्रममा देहाय बमोजिमका कृषकलाई सहभागी गराईनेछः
- (क) जैमिनी नगरपालिकाभित्रका कृषक, कृषक समूह, सहकारी तथा कृषि उद्यमीलाई प्राथमिकता दिइनेछ।
- (ख) स्थानीय उत्पादन र नवप्रवर्तन प्रदर्शन गर्ने सहभागीलाई विशेष प्राथमिकता दिइनेछ।
- (ग) आवश्यकतानुसार छिमेकी स्थानीय तहका सहभागीलाई पनि आमन्त्रण गर्न सकिनेछ।

(४) **कार्यान्वयन प्रक्रियाः** यस कार्यक्रम निम्नानुसारको सञ्चालन प्रक्रिया बमोजिम कार्यान्वयन हुनेछः
- (क) कार्यक्रमको अवधारणापत्र र वार्षिक कार्यतालिका स्वीकृत गर्ने।
- (ख) मेला तथा हाटबजारको स्थान र मिति निर्धारण गर्ने।
- (ग) सार्वजनिक सूचना प्रकाशन गरी सहभागीको आवेदन सङ्कलन गर्ने।
- (घ) स्टल व्यवस्थापन तथा प्रदर्शनी क्षेत्र निर्धारण गर्ने।
- (ङ) कृषि प्रदर्शनी, विक्री, प्रतियोगिता र प्राविधिक कार्यक्रम सञ्चालन गर्ने।
- (च) उत्कृष्ट उत्पादन, प्रविधि वा उद्यमलाई पुरस्कार तथा सम्मान प्रदान गर्ने।
- (छ) कार्यक्रमको मूल्याङ्कन गरी प्रतिवेदन तयार गर्ने।

(५) **उपलब्ध गराइने सुविधाः** कार्यक्रमवाट लाभग्राहीलाई देहायबमोजिमको सुविधा उपलब्ध हुनेछन्:
- (क) निःशुल्क स्टल तथा प्रदर्शनी स्थल।
- (ख) प्रचार प्रसार।
- (ग) आवश्यकता अनुसार यातायात वा सामग्री व्यवस्थापनमा सहजीकरण।
- (घ) .प्रमाणपत्र, पुरस्कार तथा सम्मान आदि।

**१२. <u>सहुलियतपुर्ण कृषि कर्जा कार्यक्रमः</u>** (१) नेपालको कृषि क्षेत्रलाई व्यावसायिक, प्रतिस्पर्धी तथा दिगो बनाउन कृषकको वित्तीय पहुँच विस्तार गर्नु अत्यन्त आवश्यक छ। पर्याप्त पूँजीको अभाव, उच्च ब्याजदर तथा सहज रूपमा कर्जा प्राप्त गर्न नसक्ने अवस्थाका कारण धेरै कृषक तथा कृषि उद्यमीहरूले आधुनिक कृषि प्रविधि, उत्पादन विस्तार तथा व्यवसायीकरण गर्न कठिनाइ भोगिरहेका छन्। यस समस्यालाई समाधान गर्दै कृषि उत्पादन, उत्पादकत्व, मूल्य अभिवृद्धि तथा रोजगारी सिर्जनामा टेवा पुऱ्याउने उद्देश्यले **सहुलियतपूर्ण कृषि कर्जा कार्यक्रम** सञ्चालन गरिनेछ। यस कार्यक्रममार्फत कृषक तथा कृषि उद्यमीलाई सहुलियतपूर्ण ब्याजदरमा कृषि कर्जा उपलब्ध गराउन आवश्यक सहजीकरण, अभिमुखीकरण, बैंक तथा वित्तीय संस्थासँग समन्वय, कर्जा प्रक्रियामा सहजीकरण तथा प्राविधिक परामर्श प्रदान गरिनेछ। यसवाट कृषि क्षेत्रमा लगानी वृद्धि भई आधुनिक तथा व्यावसायिक कृषि प्रणालीको विकास, कृषकको आयआर्जन अभिवृद्धि तथा स्थानीय अर्थतन्त्र सुदृढ हुने अपेक्षा गरिएको छ।

(२) **उद्देश्यः** प्रस्तुत कार्यक्रमको देहायबमोजिमका उद्देश्य रहेका छन्:
- (क) कृषक तथा कृषि उद्यमीलाई सहुलियतपूर्ण कृषि कर्जाको पहुँच विस्तार गर्ने।
- (ख) कृषि उत्पादन, उत्पादकत्व तथा व्यवसायीकरणमा लगानी वृद्धि गर्ने।
- (ग) बैंक तथा वित्तीय संस्थाबाट उपलब्ध सहुलियतपूर्ण कृषि कर्जाबारे जानकारी तथा पहुँच अभिवृद्धि गर्ने।
- (घ) कृषि उद्यम, मूल्य शृङ्खला विकास तथा रोजगारी सिर्जनामा टेवा पुऱ्याउने।
- (ङ) कृषि क्षेत्रमा निजी लगानी आकर्षित गरी आत्मनिर्भर र व्यावसायिक कृषि प्रणालीको विकास गर्ने आदि ।

(३) **कार्यक्रम सञ्चालन क्षेत्रः** जैमिनी नगरपालिकाका सबै वडाहरू।

(४) **कर्जामा छुट (ब्याज अनुदान)ः** कर्जामा छुट निम्नानुसार हुनेछः



रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

(क) जैमिनी नगरपालिकाले स्वीकृत वार्षिक बजेटको सीमाभित्र रही सहुलियतपूर्ण कृषि कर्जा लिएका योग्य कृषक तथा कृषि उद्यमीलाई ब्याजमा आंशिक अनुदान उपलब्ध गराउनेछ।

(ख) उक्त अनुदान अधिकतम ४ प्रतिशतसम्मको ब्याजका लागि वा अधिकतम रु. ४०,०००।- (चालिस हजार मात्र) सम्म मात्र उपलब्ध गराउन सकिनेछ।

(ग) ब्याज अनुदानको दर, अवधि तथा अधिकतम सीमा प्रत्येक आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट अनुसार नगरपालिकाले निर्धारण गर्नेछ।

(घ) ब्याज अनुदान प्राप्त गर्न लाभग्राहीले सम्बन्धित बैंक वा वित्तीय संस्थाबाट स्वीकृत कृषि कर्जा लिई व्यवसाय सञ्चालन गरेको हुनुपर्नेछ।

(ङ) लाभग्राहीले कर्जाको सावा तथा ब्याज नियमित रूपमा भुक्तानी गरेको प्रमाण सम्बन्धित बैंक वा वित्तीय संस्थाबाट पेश गरेपछि मात्र ब्याज अनुदान उपलब्ध गराइनेछ।

(च) नगरपालिकाले ब्याज अनुदान रकम सम्बन्धित बैंक तथा वित्तीय संस्थामार्फत वा प्रचलित कानुन बमोजिम लाभग्राहीको खातामा उपलब्ध गराउन सक्नेछ।

(छ) एउटै कर्जामा अन्य सरकारी निकायबाट समान प्रकृतिको ब्याज अनुदान प्राप्त गरेको अवस्थामा यस कार्यक्रमअन्तर्गत दोहोरो ब्याज अनुदान उपलब्ध गराइने छैन। सोको कृषकबाटै स्वःघोषणा गर्नुपर्नेछ। दोहोरो परेमा कृषक स्वयं कानूनी जिम्मेवार हुनेछ।

(ज) कर्जा स्वीकृत उद्देश्यभन्दा फरक प्रयोजनमा प्रयोग भएको, झुट्टा विवरण पेश गरेको वा सम्झौता विपरीत कार्य गरेको पाइएमा ब्याज अनुदान रद्द गरी असुलउपर गरिनेछ तथा प्रचलित कानून बमोजिम आवश्यक कारबाही गरिनेछ।

(झ) ब्याज अनुदान सम्बन्धी अन्य व्यवस्था प्रचलित कानुन, नेपाल सरकारको सहुलियतपूर्ण कृषि कर्जा सम्बन्धी व्यवस्था तथा जैमिनी नगरपालिकाको निर्णय बमोजिम हुनेछ।

**(५) कार्यक्रम सञ्चालन मापदण्डः** यस कार्यक्रममा निम्नानुसारको कार्यक्रम सञ्चालन मापदण्ड हुनेछन्:

(क) आवेदक जैमिनी नगरपालिकाभित्र स्थायी बसोबास गर्ने वा नगरपालिका क्षेत्रभित्र कृषि तथा पशुपन्छी व्यवसाय सञ्चालन गरिरहेको समूह, सहकारी, कृषि फर्म वा कम्पनी हुनुपर्नेछ।

(ख) आवेदकले कृषि तथा पशुपन्छी उत्पादन, प्रशोधन, भण्डारण, मूल्य अभिवृद्धि वा बजारीकरणसम्बन्धी व्यवसाय सञ्चालन गरेको वा सञ्चालन गर्न स्पष्ट व्यवसाय योजना (अनुसूची-३) पेश गरेको हुनुपर्नेछ।

(ग) कृषि कर्जा उत्पादनमूलक तथा आयआर्जन वृद्धि गर्ने उद्देश्यका लागि मात्र प्रयोग गरिने प्रतिवद्धता गर्नुपर्नेछ।

(घ) कृषि कर्जा प्राप्त गर्न कार्यक्रम माग सम्बन्धी निवेदन फाराम (अनुसूची १), सम्बन्धित वडा कार्यालयको सिफारिस (अनुसूची २) नागरिकता, व्यवसाय दर्ता (लागू हुने अवस्थामा), जग्गा वा व्यवसायसँग सम्बन्धित प्रमाण तथा बैंकले माग गरेका अन्य कागजात पेश गर्नुपर्नेछ।

(ङ) महिला, युवा, दलित, जनजाति, विपन्न तथा वैदेशिक रोजगारीबाट फर्केका युवा उद्यमीलाई प्रचलित कानून तथा नीतिअनुसार प्राथमिकता दिइनेछ।

(च) व्यावसायिक कृषि, आधुनिक प्रविधिको प्रयोग, रोजगारी सिर्जना तथा स्थानीय उत्पादनको बजारीकरणमा योगदान पुर्‍याउने प्रस्तावलाई प्राथमिकता दिइनेछ।

(छ) विगतमा प्राप्त सरकारी अनुदान वा सहुलियत कार्यक्रमको सदुपयोग गरेको तथा कुनै सरकारी निकाय वा बैंकमा कालोसूचीमा नपरेको आवेदकलाई प्राथमिकता दिइनेछ।

(ज) लाभग्राहीले कर्जाको सदुपयोग गर्ने, नगरपालिकाले तोकेको समयमा प्रगति विवरण उपलब्ध गराउने तथा अनुगमनमा आवश्यक सहयोग गर्नुपर्नेछ।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

(झ) यस कार्यविधिमा उल्लेख नभएका विषयहरू नेपाल सरकारको सहुलियतपूर्ण कृषि कर्जा सम्बन्धी व्यवस्था तथा जैमिनी नगरपालिका नगर कार्यपालिकाको निर्णय बमोजिम हुनेछ ।

(६) **कार्यक्रम सञ्चालन प्रक्रियाः** यस कार्यक्रम निम्नानुसारको कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम कार्यान्वयन हुनेछः

(क) नगरपालिकाले प्रत्येक आर्थिक वर्षको स्वीकृत कार्यक्रम तथा बजेट अनुसार सहुलियतपूर्ण कृषि कर्जा कार्यक्रम सञ्चालन गर्नेछ।

(ख) कृषि शाखाले सम्बन्धित बैंक तथा वित्तीय संस्था, सहकारी संस्था तथा सरोकारवालासँग समन्वय गरी कार्यक्रमको सूचना प्रकाशन तथा प्रचार प्रसार गर्नेछ।

(ग) इच्छुक कृषक समूह, सहकारी, कृषि फर्म, कम्पनी तथा कृषि उद्यमीले तोकिएको ढाँचामा निवेदन पेश गर्नुपर्नेछ।

(घ) प्राप्त निवेदन तथा प्रस्तावको आवश्यकता, व्यवसायको सम्भाव्यता, उत्पादन क्षमता तथा कार्यक्रमको उद्देश्यअनुसार कृषि शाखाबाट मूल्याङ्कन गरिनेछ।

(ङ) छनोट भएका लाभग्राहीलाई सहुलियतपूर्ण कृषि कर्जा सम्बन्धी अभिमुखीकरण, व्यवसाय योजना (Business plan) तयारी तथा आवश्यक कागजात व्यवस्थापनमा प्राविधिक सहजीकरण गरिनेछ।

(च) नगरपालिकाले सम्बन्धित बैंक तथा वित्तीय संस्थासँग आवश्यक समन्वय गरी लाभग्राहीलाई सहुलियतपूर्ण कृषि कर्जा प्राप्त गर्न सहजीकरण गर्नेछ।

(छ) कर्जा स्वीकृति, वितरण तथा व्यवस्थापन सम्बन्धी सम्पूर्ण प्रक्रिया नेपाल सरकारको सहुलियतपूर्ण कृषि कर्जा सम्बन्धी व्यवस्था तथा सम्बन्धित बैंक वा वित्तीय संस्थाको मापदण्ड बमोजिम हुनेछ।

(ज) कर्जा प्राप्त गरेका कृषक तथा उद्यमीले स्वीकृत उद्देश्यअनुसार मात्र कर्जाको उपयोग गर्नुपर्नेछ र नगरपालिकाले आवश्यकतानुसार अनुगमन तथा प्राविधिक परामर्श प्रदान गर्नेछ।

(झ) कार्यक्रम कार्यान्वयनको क्रममा बैंक तथा वित्तीय संस्था, कृषि ज्ञान केन्द्र, प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना तथा अन्य सम्बन्धित निकायसँग आवश्यक समन्वय गर्न सकिनेछ।

(ञ) कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा प्रतिवेदन कृषि शाखाले गर्नेछ तथा आवश्यकता अनुसार स्थलगत निरीक्षण गरी कर्जाको सदुपयोग भएको सुनिश्चित गरिनेछ।

१३. **<u>मसलाबाली न्युनतम समर्थन मुल्य निर्धारण कार्यक्रमः</u>** (१) जैमिनी नगरपालिकामा अदुवा, बेसार लगायतका मसलाबालीहरूको उत्पादन बढ्दै गएको भए पनि बजार मूल्यमा हुने उतारचढाव, बिचौलियाको प्रभाव तथा सुनिश्चित बजारको अभावका कारण कृषकले उत्पादनको उचित मूल्य प्राप्त गर्न कठिनाइ भोग्दै आएका छन्। यस्ता समस्याको समाधान गर्दै कृषकलाई उत्पादनको न्यूनतम मूल्य सुनिश्चित गर्ने, बजार जोखिम न्यूनीकरण गर्ने तथा मसलाबाली उत्पादन र व्यवसायीकरणलाई प्रोत्साहन गर्ने उद्देश्यले प्रस्तुत कार्यक्रम सञ्चालन गरिनेछ। यस कार्यक्रमअन्तर्गत नगरपालिकाले सम्बन्धित सरोकारवालासँग समन्वय गरी न्यूनतम समर्थन मूल्य निर्धारण गर्ने, आवश्यक परेमा मूल्य अन्तर (Price deficit) मा सहयोग गर्ने तथा उत्पादित मसलाबालीको व्यवस्थित खरिद तथा बजारीकरणमा सहजीकरण गर्नेछ।

(२) **कार्यक्रम सञ्चालन मापदण्डः** यस कार्यक्रममा निम्नानुसारको कार्यक्रम सञ्चालन मापदण्ड हुनेछनः

(क) कार्यक्रम जैमिनी नगरपालिकाभित्र उत्पादन भएका मसलाबालीमा मात्र लागू हुनेछ।

(ख) न्यूनतम समर्थन मूल्य नगरपालिकाले बजार विश्लेषण र आर्थिक विकास समितिको सिफारिसका आधारमा कार्यपालिका बैठकबाट प्रत्येक वर्ष निर्धारण गर्नेछ।



रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय जैमिनी नगरपालिका कुश्मीसेरा, बागलुङ २०७३

(ग) आवश्यकता अनुसार अदुवा, बेसारलगायत अन्य स्थानीय मसलाबालीलाई कार्यक्रममा समावेश गर्न सकिनेछ।

(घ) लाभग्राही कृषक किसान सूचीकरणमा समावेश भएको हुनुपर्नेछ।

(ङ) कार्यक्रममा समावेश हुन कम्तिमा एक रोपनी क्षेत्रफलमा कुनै एक मसलाबालीको खेती गरेको हुनुपर्नेछ ।

(च) बिक्री गरिने उत्पादन स्थानीय रूपमा उत्पादन भएको, गुणस्तरीय तथा बिक्रीयोग्य हुनुपर्नेछ।

(छ) समर्थन मूल्य सुविधा एक उत्पादनमा एक पटक मात्र उपलब्ध हुनेछ।

(ज) कार्यक्रममा समावेश हुन चाहने इच्छुक प्रस्तावकले निवेदन फाराम (अनुसुचि १), नागरिकताको प्रतिलिपि, समुह सहकारीको हकमा दर्ता तथा नवीकरण प्रमाणपत्र प्रतिलिपि र सम्बन्धित वडा कार्यालयको सिफारिस (अनुसूची २) संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ।

(झ) झुट्टा विवरण पेश गर्ने वा बाहिरी क्षेत्रबाट उत्पादन ल्याई बिक्री गरेको प्रमाणित भएमा सुविधा उपलब्ध गराइने छैन।

(३) **न्यूनतम समर्थन मूल्य निर्धारण आधारः** नगरपालिकाले प्रत्येक आर्थिक वर्षका लागि मसलाबालीको न्यूनतम समर्थन मूल्य निर्धारण गर्दा देहायका आधार लिनेछः

(क) उत्पादन लागत (बीउ, मल, श्रम, सिँचाइ, ढुवानी आदि)।

(ख) बजार मूल्यको अवस्था।

(ग) अघिल्लो वर्षको बिक्री मूल्य।

(घ) कृषकको अपेक्षित नाफा।

(ङ) स्थानीय तथा क्षेत्रीय बजारको माग आदि।

(४) **कार्यक्रम सञ्चालन प्रक्रियाः** यस कार्यक्रम निम्नानुसारको कार्यक्रम सञ्चालन प्रक्रिया बमोजिम कार्यान्वयन हुनेछः

(क) नगरपालिकाले प्रत्येक आर्थिक वर्षको सुरुवातमा सम्बन्धित मसलाबालीको न्यूनतम समर्थन मूल्य निर्धारण गरी सार्वजनिक गर्नेछ।

(ख) इच्छुक कृषक वा संस्थाले उत्पादन विवरणसहित कृषि शाखामा दर्ता गराउनुपर्नेछ।

(ग) कृषि शाखाले आवश्यकतानुसार स्थलगत अनुगमन गरी उत्पादन तथा परिमाण प्रमाणित गर्नेछ।

(घ) कृषकले उत्पादन बिक्री गर्दा जैमिनी नगरपालिकाको कृषि एम्बुलेन्स प्रयोग गरी बिक्री वितरण गरेको बिक्री बिल, तौल प्रमाण तथा खरिदकर्ताको विवरण पेश गर्नुपर्नेछ।

(ङ) यदि बजार मूल्य नगरपालिकाले तोकेको न्यूनतम समर्थन मूल्यभन्दा कम भएमा नगरपालिकाले स्वीकृत बजेटको सीमाभित्र रही मूल्य अन्तर बराबरको रकम उपलब्ध गराउन सक्नेछ।

(च) कार्यक्रम कार्यान्वयनका लागि कृषि सहकारी, कृषक समूह, निजी क्षेत्र वा अन्य संस्थासँग आवश्यक समन्वय गर्न सकिनेछ।

(छ) कृषि शाखाले प्राप्त निवेदन तथा कागजातको परीक्षण गरी भुक्तानीका लागि सिफारिस गर्नेछ।

१४. <u>बसाईसराई गरी आउनेका लागि जैमिनी प्याकेज</u> कार्यक्रमः (१) जैमिनी नगरपालिकामा प्रयाप्त कृषि योग्य जमिन भएपनि जनशक्तिको अभाव, बसाईंसराइ तथा युवाशक्ति वैदेशिक रोजगारीमा गएका कारण धेरै खेतीयोग्य जमिन बाँझो रहँदै आएको अवस्था छ। अर्कोतर्फ, बिभिन्न स्थानीय तह, जिल्ला तथा विदेशबाट कृषि पेशा अपनाउने उद्देश्यले जैमिनी नगरपालिकामा बसाईंसराइ गरी आउने व्यक्ति तथा परिवार पनि छन्। यस्ता परिवारलाई कृषि क्षेत्रमा आकर्षित गरी उत्पादन, उत्पादकत्व, रोजगारी तथा आयआर्जन वृद्धि गर्न आवश्यक प्रोत्साहन उपलब्ध गराउने उद्देश्यले **"बसाईंसराइ गरी आउनेका लागि जैमिनी प्याकेज कार्यक्रम"** सञ्चालन गरिनेछ।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

यस कार्यक्रममार्फत कृषि सामग्री, प्रविधि, प्राविधिक सेवा, तालिम तथा आवश्यक पूर्वाधारमा सहयोग उपलब्ध गराई व्यावसायिक कृषि विकासलाई प्रोत्साहन गरिनेछ। साथै, बसाईंसराइ गरी आउने परिवारलाई जैमिनी नगरपालिकामा व्यावसायिक कृषि व्यवसाय सञ्चालन गर्न प्रोत्साहन गर्ने, बाँझो तथा उपयोगविहीन कृषि भूमि उत्पादनमा ल्याउने, कृषि उत्पादन, उत्पादकत्व तथा रोजगारी अभिवृद्धि गर्ने, कृषि उद्यमशीलता विकास गरी स्थानीय अर्थतन्त्र सुदृढ बनाउने तथा युवा एवम् वैदेशिक रोजगारीबाट फर्किएका व्यक्तिलाई कृषि क्षेत्रमा आकर्षित गर्ने यस कार्यक्रमका प्रमुख उद्देश्य रहनेछन्।

(२) **कार्यक्रम सञ्चालन मापदण्ड:** यस कार्यक्रममा निम्नानुसारको कार्यक्रम सञ्चालन मापदण्ड हुनेछन:

(क) लाभग्राहीले जैमिनी नगरपालिकामा यस आर्थिक वर्षभित्र स्थायी बसाईंसराइ गरी आएको हुनुपर्नेछ।
(ख) लाभग्राहीले कम्तीमा २ रोपनी वा सो बराबर क्षेत्रफलमा व्यावसायिक कृषि गर्ने योजना पेश गरेको हुनुपर्नेछ।
(ग) कृषि योग्य जग्गाको स्वामित्व वा कम्तिमा ५ वर्षको भाडा/लिज सम्झौता भएको हुनुपर्नेछ।
(घ) लाभग्राही किसान सूचीकरणमा समावेश भएको हुनुपर्नेछ।
(ङ) एउटै परिवारबाट एक जना मात्र यस कार्यक्रममा सहभागी हुन पाउनेछ।
(च) लाभग्राहीले कम्तीमा ५ वर्षसम्म कृषि व्यवसाय सञ्चालन गर्ने प्रतिवद्धता जनाउनुपर्नेछ।
(छ) महिला, युवा, दलित, जनजाति तथा वैदेशिक रोजगारीबाट फर्किएका कृषकलाई प्राथमिकता दिइनेछ।
(ज) अनुदान प्राप्त गर्न इच्छुक प्रस्तावकले अनुदान माग सम्बन्धी निवेदन फाराम (अनुसुचि १), नागरिकताको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको सिफारिस (अनुसूची २), व्यवसायिक योजना (अनुसूची ३) तथा बैंक खाताको विवरण संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ।

(३) **कार्यक्रम सञ्चालन प्रक्रिया:** यस कार्यक्रम निम्नानुसारको सञ्चालन प्रक्रिया बमोजिम कार्यान्वयन हुनेछः

(क) नगरपालिकाले सार्वजनिक सूचना प्रकाशन गरी आवेदन आह्वान गर्नेछ।
(ख) इच्छुक लाभग्राहीले तोकिएको ढाँचामा आवश्यक कागजातसहित आवेदन पेश गर्नेछ।
(ग) कृषि शाखाले स्थलगत अनुगमन गरी व्यवसायको सम्भाव्यता मूल्याङ्कन गर्नेछ।
(घ) मूल्याङ्कनका आधारमा लाभग्राही छनोट गरिनेछ।
(ङ) लाभग्राही र नगरपालिकाबीच सम्झौता गरिनेछ।
(च) सम्झौतापछि स्वीकृत प्याकेजअनुसार कृषि सामग्री, उपकरण, विरुवा, बीउ, तालिम, प्राविधिक सेवा वा पूर्वाधार सहयोग उपलब्ध गराइनेछ।
(छ) कृषि शाखाले नियमित अनुगमन तथा प्राविधिक परामर्श उपलब्ध गराउनेछ।

(४) **उपलब्ध गराइने कृषि प्याकेज (अनुदान)** नगरपालिकाको स्वीकृत बजेटको परिधिभित्र रही एक वा एकभन्दा बढी सहयोग शतप्रतिशतसम्म अनुदानमा उपलब्ध गराउन सकिनेछः

(क) उन्नत बीउबिजन तथा विरुवा।
(ख) फलफूल तथा मसलाबालीका विरुवा।
(ग) कृषि औजार तथा उपकरण।
(घ) प्लास्टिक टनेल, खानेपानी तथा सिंचाइ पुर्वाधार, शौचालय सामाग्री।
(ङ) विद्युत जडान सुविधा।
(च) जैविक मल तथा जैविक विषादी।
(छ) प्राविधिक तालिम तथा परामर्श।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

(ज) बजार व्यवस्थापन तथा बजारीकरणमा सहजीकरण आदि।

१५. <u>कृषि एम्बुलेन्स तथा उत्पादनमा आधारित अनुदान कार्यक्रमः</u> (१) जैमिनी नगरपालिकाले कृषकहरूले उत्पादन गरेका कृषि उपजहरू (तरकारी, फलफूल, मसलाबली आदि) लाई सहजरूपमा बजारसम्म पुऱ्याउन र कृषकलाई प्रोत्साहन गर्न कृषि एम्बुलेन्स सेवा सञ्चालन गर्दै आएको छ। उत्पादनमा आधारित अनुदान भन्नाले कृषकले वास्तविक रूपमा उत्पादन गरी बिक्री गरेको कृषि उपजको परिमाण तथा प्रमाणित बिक्री विवरणका आधारमा नगरपालिकाबाट उपलब्ध गराइने प्रोत्साहन रकमलाई जनाउनेछ। यस कार्यक्रम अन्तर्गत, कृषि एम्बुलेन्स मार्फत बजारसम्म ढुवानी गरिएका कृषि उपजहरूको वास्तविक परिमाण (किलो/क्विन्टल) का आधारमा कृषकहरूलाई नगद अनुदान उपलब्ध गराइनेछ।

(२) **लक्षित लाभग्राहीः** देहायका कृषक/समूह/सहकारीलाई उत्पादनमा आधारित अनुदान उपलब्ध गराउन सकिनेछः

(क) नगरपालिकाभित्र कृषि उत्पादन गर्ने कृषक।

(ख) दर्ता भएका कृषक समूह तथा कृषि सहकारी।

(ग) व्यवसायिक कृषि फर्म तथा उद्यमी।

(घ) सामूहिक खेती तथा करार खेतीमा संलग्न कृषक।

(३) **कार्यक्रम उद्देश्यः** यस कार्यक्रमका उद्देश्यहरू देहायबमोजिम हुनेछन्ः

(क) कृषकले उत्पादन गरेका कृषि उपजलाई उत्पादन स्थलबाट बजारसम्म सुरक्षित तथा सहज रूपमा पुऱ्याउने व्यवस्था गर्नु।

(ख) कृषि उपजको बजारीकरणमा देखिएका समस्या न्यूनीकरण गरी कृषकलाई उचित मूल्य प्राप्त गर्ने वातावरण सिर्जना गर्नु।

(ग) कृषि उत्पादन तथा उत्पादकत्व वृद्धि गर्न कृषकलाई उत्पादनमा आधारित प्रोत्साहन उपलब्ध गराउनु।

(घ) व्यवसायिक कृषि उत्पादनमा कृषकको आकर्षण तथा सहभागिता वृद्धि गर्नु।

(ङ) स्थानीय कृषि उपजको संकलन, ढुवानी, बिक्री तथा बजारीकरणलाई व्यवस्थित गर्नु।

(च) कृषि उपजको बिक्रीमा बिचौलियाको प्रभाव न्यूनीकरण गरी कृषकको वास्तविक आम्दानी वृद्धि गर्नु।

(४) **कार्यक्रम सञ्चालनका आधारहरूः** कार्यक्रम सञ्चालन गर्दा देहायका आधारहरू अवलम्बन गरिनेछः

(क) नगरपालिकाको स्वीकृत वार्षिक कार्यक्रम तथा बजेट।

(ख) कृषकको वास्तविक उत्पादन तथा बिक्री परिमाण।

(ग) कृषि उपजको बजार माग तथा सम्भाव्यता।

(घ) कृषक समूह, सहकारी तथा कृषि उद्यमीको सहभागिता।

(ङ) उत्पादन, संकलन, ढुवानी तथा बिक्रीको अभिलेख।

(च) प्रचलित कानून तथा नगरपालिकाको स्वीकृत कार्यविधि आदि।

(५) **प्राथमिकता दिइने कृषकः** कार्यक्रममा देहायका कृषकलाई प्राथमिकता दिन सकिनेछः

(क) व्यवसायिक रूपमा कृषि उत्पादन गर्ने कृषक।

(ख) कृषक समूह तथा सहकारी।

(ग) सामूहिक रूपमा उत्पादन तथा बिक्री गर्ने कृषक।

(घ) छिटो नबिग्रने तथा बजारमा तत्काल पुऱ्याउनुपर्ने कृषि उपज।

(ङ) उत्पादनको उचित मूल्य नपाएका कृषक आदि।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

(६) **प्राथमिकता दिइने कृषि उपज:** कार्यक्रममा देहायका उपजलाई प्राथमिकता दिइनेछः

(क) तरकारी तथा फलफूल।

(ख) अदुवा, बेसार, टिमुर लगायतका मसला बाली।

(ग) मह तथा मौरीजन्य उत्पादन।

(घ) खाद्यान्न तथा दलहन।

(ङ) अन्य स्थानीय कृषि उपज आदि।

(७). **कार्यान्वयन तथा सञ्चालन प्रक्रिया**

(क) **न्यूनतम उत्पादन तथा बिक्री परिमाण निर्धारण** : अनुदान प्राप्त गर्न सम्बन्धित बाली वा कृषि उपजको हकमा नगरपालिकाले तोकेको न्यूनतम उत्पादन तथा बिक्री परिमाण पूरा गरेको हुनुपर्नेछ।

(ख) कृषि उपजको प्रकृति, उत्पादन अवस्था, बजार माग, उत्पादन लागत तथा कार्यक्रमको उद्देश्यलाई समेत आधार मानी आर्थिक विकास समितिले समयानुकूल रूपमा न्यूनतम उत्पादन तथा बिक्री परिमाण निर्धारण वा पुनरावलोकन गर्न सक्नेछ।

(ग) न्यूनतम उत्पादन तथा बिक्री परिमाणको निर्धारण तथा संशोधन सम्बन्धी व्यवस्था यस कार्यविधिको अनुसूची -४ बमोजिम हुनेछ।

(घ) **अनुदान दर निर्धारण:** जैमिनी नगरपालिकाको आर्थिक विकास समितिको सिफारिसमा कृषि विकास शाखाले अनुदान पाइने उपजहरू र प्रति के.जी. वा प्रति एकाइ उत्पादनका आधारमा अनुदान दर निर्धारण गरी सार्वजनिक सूचना जारी गर्नेछ। निर्धारण गरिएको कृषि उपज तथा अनुदान दर यस कार्यविधिको अनुसूची -४ मा उल्लेख भए बमोजिम हुनेछ।

(ङ) **उपज सङ्कलन र ढुवानी:** कृषकले आफ्नो कृषि उपज बजारसम्म पुऱ्याउन कृषि एम्बुलेन्सको सुविधा लिन सक्नेछन्। कृषि एम्बुलेन्सका सञ्चालक/चालकले कृषि उपज ढुवानी गर्दा उपजको नाम, परिमाण (तौल), ढुवानी मिति, संकलन स्थल तथा गन्तव्य खुल्ने गरी यस कार्यविधिको अनुसूची - ५ बमोजिमको ढुवानी रसिद तयार गरी सम्बन्धित कृषकलाई उपलब्ध गराउनुपर्नेछ। उक्त ढुवानी रसिदको एक प्रति कृषि विकास शाखामा अभिलेखका लागि सुरक्षित राखुपर्नेछ।

(च) **बिक्री प्रमाण पेश:** कृषकले उत्पादनमा आधारित अनुदान प्राप्त गर्न आफूले बिक्री गरेको कृषि उपजको यस कार्यविधिको अनुसूची - ६ बमोजिमको बिक्री बिल/भरपाई, कृषि उपज बिक्री बिल/भरपाई, सहकारी वा कृषि उपज संकलन केन्द्रको हकमा अनुसूची - ७ बमोजिमको बिक्री अभिलेख तथा कृषि एम्बुलेन्सको ढुवानी रसिद पेश गर्नुपर्नेछ। पेश गरिने बिक्री प्रमाणमा कृषि उपजको नाम, बिक्री परिमाण, बिक्री मिति, बिक्री मूल्य तथा बिक्रीकर्ता र खरिदकर्ताको विवरण स्पष्ट रूपमा खुलाइएको हुनुपर्नेछ।

(छ) **अनुदान गणना:** प्रमाणित उत्पादन तथा बिक्री परिमाणका आधारमा स्वीकृत अनुदान दरले गुणा गरी अनुदान रकम निर्धारण गरिनेछ। तर स्वीकृत अधिकतम सीमा भन्दा बढी रकम उपलब्ध गराइने छैन।

**अनुदान रकम = प्रमाणित बिक्री परिमाण × स्वीकृत अनुदान दर**

(ज) **अनुगमन तथा सिफारिस:** कृषि विकास शाखाले आवश्यक जाँच तथा अनुगमन गरी लाभग्राहीको नाम, उत्पादन परिमाण र अनुदान रकमसहितको विवरण तयार गरी स्वीकृतिका लागि पेश गर्नेछ।

(झ) **अनुदान भुक्तानी:** स्वीकृत लाभग्राहीलाई बैंक खातामार्फत अनुदान रकम भुक्तानी गरिनेछ।

(८) **आवश्यक कागजात:** लाभग्राहीले देहायका कागजात पेश गर्नुपर्नेछः

(क) कार्यक्रम माग निवेदन,

(ख) कृपक (किसान सूचीकरण आवद्ध)/फार्म/समूह/सहकारी दर्ता प्रमाणपत्र,



रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

(ग) नागरिकता वा संस्थागत परिचयपत्रको प्रतिलिपि,
(घ) सम्बन्धित वडा कार्यालयको सिफारिस,
(ङ) उत्पादन तथा बिक्री विवरण,
(च) बिक्री बिल/भर्पाई वा बिक्री प्रमाण,
(छ) बैंक खाताको विवरण,
(ज) उत्पादन तथा बिक्री प्रमाणित गर्ने अन्य आवश्यक कागजात।

(९) **अभिलेख व्यवस्थापनः** कृषि विकास शाखाले कृषि एम्बुलेन्स सञ्चालन तथा उत्पादनमा आधारित अनुदानसम्बन्धी छुट्टाछुट्टै अभिलेख राख्नुपर्नेछ। अभिलेखमा देहायका विवरण समावेश गरिनेछः
(क) लाभग्राहीको नाम तथा वडा,
(ख) कृषि उपजको नाम,
(ग) उत्पादन परिमाण,
(घ) बिक्री परिमाण,
(ङ) बिक्री मूल्य,
(च) ढुवानी गरिएको परिमाण,
(छ) ढुवानी शुल्क,
(ज) प्राप्त अनुदान रकम,
(झ) अनुदान प्राप्त गरेको मिति आदि।

(१०) **अनुदानको अधिकतम सीमा र दोहोरो अनुदान नियन्त्रणः** एक कृषक/समूह/सहकारीले एक आर्थिक वर्षमा उत्पादनमा आधारित अनुदानबापत प्राप्त गर्ने अधिकतम रकम नगरपालिकाले स्वीकृत कार्यक्रम तथा बजेटमा तोकेबमोजिम हुनेछ। एउटै उत्पादन, एउटै बिल वा एउटै कारोबारका आधारमा अन्य कार्यक्रमबाट समान प्रकृतिको अनुदान प्राप्त गरेको अवस्थामा सोही परिमाणमा दोहोरो अनुदान उपलब्ध गराइने छैन।

(११) **अनुदान रोक्का वा असुलीः** देहायको अवस्थामा अनुदान रकम रोक्का गर्न वा उपलब्ध गराइएको रकम प्रचलित कानूनबमोजिम असुल गर्न सकिनेछः
(क) झुट्टा विवरण पेश गरेमा,
(ख) नक्कली बिल/भर्पाई पेश गरेमा,
(ग) वास्तविक उत्पादनभन्दा बढी उत्पादन देखाएमा,
(घ) एउटै उत्पादनको दोहोरो दावी गरेमा,
(ङ) अनुगमनमा गलत विवरण प्रमाणित भएमा आदि।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## परिच्छेद-४

## पशु सेवा शाखा तर्फका कार्यक्रमहरु र सञ्चालनका आधार

१६. **हल गोरु/रागो प्रोत्साहन तथा पाडापाडी पालन कार्यक्रमः** (१) कृषि उत्पादन वृद्धि, परम्परागत खेती प्रणालीको संरक्षण, स्थानीय हल गोरु तथा राँगोको संरक्षण र संवर्द्धन, मासु उत्पादन वृद्धि तथा कृषकलाई पशुपालन व्यवसायतर्फ आकर्षित गर्ने उद्देश्यले यो कार्यक्रम सञ्चालनमा ल्याइएको हो। यस कार्यक्रममार्फत हल गोरु तथा राँगो पालनलाई प्रोत्साहन गर्दै कृषि कार्यमा पशुशक्तिको उपयोगलाई संरक्षण गरिनेछ। साथै, स्थानीय पशु नस्लको संरक्षण तथा संवर्द्धन, पाडापाडी पालनको विस्तार, कृषकको आयआर्जन तथा आत्मनिर्भरता अभिवृद्धि, गुणस्तरीय मासु उत्पादन वृद्धि र स्थानीय स्तरमा मासुको आपूर्ति सुनिश्चित गरी कृषि तथा पशुपन्छी क्षेत्रको दिगो विकासमा टेवा पुर्‍याउने लक्ष्य राखिएको छ।

(२) **कार्यक्रम सञ्चालन मापदण्डः** यस कार्यक्रमका निम्नानुसारको कार्यक्रम सञ्चालन मापदण्ड हुनेछन्:

(क) यो कार्यक्रमका लागि कम्तिमा २ वटा गोरु एकै परिवारले पालेको हुनुपर्नेछ।

(ख) अन्य घरहरुमा समेत खेतबारी जोत्ने सेवा गरको कृषकलाई हल गोरुको अनुदान प्रोत्साहनमा प्रथमिकता हुनेछ।

(ग) राँगोको हकमा १ वडा राँगो पाली प्रजनन् सेवा दिएको हुनुपर्नेछ।

(घ) उन्नत राँगोलाई प्राथमिकता हुनेछ।

(ङ) प्रति वडा बढीमा ३ जना हल गोरु वा रागो पाल्ने कृषकलाई कार्यक्रममा सहभागी गराईनेछ।

(च) पाडापाडीको हकमा कम्तिमा ५ वटा पाडापाडी पालेको हुनुपर्नेछ।

(छ) अनुदान प्राप्त गर्ने पशुका लागि उपयुक्त भकारो (गोठ) संरचना भएको, उपयुक्त सरसफाइ, हावापानीको उचित व्यवस्थापन भएको तथा पशु कल्याणको मापदण्ड पालना गरेको हुनुपर्नेछ।

(ज) पशु पालन व्यवस्थापन राम्रो भएको, नियमित दाना, घाँस, पानी, स्वास्थ्य उपचार तथा खोप व्यवस्थापन गरेको र बढी समय अवधि पेशामा संलग्न भएका कृषकलाई प्राथमिकता दिइनेछ।

(झ) विगतमा अनुदान नलिएको हुनुपर्नेछ।

(ञ) लाभग्राही किसान सूचीकरणमा समावेश भएको हुनुपर्नेछ।

(ट) अनुदान माग सम्बन्धी निवेदन फाराम (अनुसुचि १), नागरिकताको प्रतिलिपि र सम्बन्धित वडा कार्यालयको सिफारिस (अनुसूची २) संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ।

(ठ) छनौट पश्चात पशुको फोटो बैंक खाताको विवरण जस्ता कागजात सहित भुक्तानीका लागि निवेदन पेश गर्नुपर्नेछ आदि।

(३) **छनोट प्रक्रियाः** यस कार्यक्रममा निम्नानुसारको छनोट प्रक्रिया हुनेछनः

(क) हल गोरु तथा राँगोपालक कृषक प्रोत्साहनको लागि छनोट सिफारिस तपशिल अनुसारको समिति बाट हुनेछः

| | |
|---|---|
| सम्बन्धित वडाका वडा अध्यक्ष | संयोजक |
| सम्बन्धित वडाका वडा सचिव | सदस्य |
| पशु प्राविधिक | सदस्य सचिव |

(ख) पाडापाडी पालन कार्यक्रमको हकमा पशु सेवा शाखाको प्राविधिक टोलीबाट छनोट तथा सिफारिस गरिनेछ।

(ग) आर्थिक विकास समितिबाट अन्तिम निर्णय हुनेछ।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

(४) **प्रोत्साहन रकमः** राँगोपालक कृषक तथा हल गोरु पाल्ने कृषकलाई प्रति कृषक रु. १०,०००/- (अक्षरुपी दश हजार रुपैयाँ मात्र) प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ। पाडापाडी पालन गर्ने कृषकलाई प्रति कृषक रु. २५,०००/- (अक्षरुपी पच्चीस हजार रुपैयाँ मात्र) प्रोत्साहन अनुदान बैंक खाता मार्फत उपलब्ध गराइनेछ।

१७. **अण्डा उत्पादनमा आधारित अनुदान कार्यक्रमः** (१) कुखुरापालन व्यवसायको प्रवर्द्धन, अण्डा उत्पादनमा वृद्धि, कृषकको आयआर्जनमा सुधार, व्यावसायिक अण्डा उत्पादन प्रणालीको विकास तथा स्थानीय स्तरमा पोषण सुरक्षामा योगदान पुऱ्याउने उद्देश्यले यो कार्यक्रम सञ्चालनमा ल्याइएको हो।

यस कार्यक्रममार्फत अण्डा उत्पादन गर्ने कृषक तथा व्यावसायिक कुखुरापालकलाई प्रोत्साहन गर्दै व्यावसायिक कुखुरापालन तथा अण्डा उत्पादन, प्रणालीको विकास र विस्तार गरिनेछ। स्थानीय स्तरमा गुणस्तरीय अण्डाको उत्पादन, उत्पादकत्व तथा आपूर्तिमा वृद्धि गरी कृषकको आयआर्जन अभिवृद्धि, रोजगारी सिर्जना तथा पोषण सुरक्षामा टेवा पुऱ्याइनेछ। साथै, अण्डा उत्पादनको परिमाणका आधारमा उत्पादनमा आधारित प्रोत्साहन अनुदान उपलब्ध गराइनेछ र व्यावसायिक अण्डा उत्पादन गर्ने कृषक, कृषि फर्म, कृषक समूह तथा कृषि सहकारीलाई प्राथमिकता दिइनेछ। कुखुरा खोर सुधार, जैविक सुरक्षा, दाना व्यवस्थापन तथा पशुपन्छी स्वास्थ्य व्यवस्थापन सम्बन्धी आवश्यक प्राविधिक परामर्श, अभिमुखीकरण तथा सेवामा सहजीकरण गरिनेछ। आवश्यकतानुसार खोप, औषधि तथा प्राविधिक सेवाको पहुँच सुनिश्चित गरिनेछ। साथै, अण्डा उत्पादन, बिक्री तथा वितरणसम्बन्धी अभिलेख अद्यावधिक, व्यवस्थित र दुरुस्त राख्नुपर्नेछ।

(२) **कार्यक्रम सञ्चालन मापदण्डः** यस कार्यक्रममा निम्नानुसारको कार्यक्रम सञ्चालन मापदण्ड हुनेछनः

(क) सम्बन्धित स्थानीय तहको स्थायी बासिन्दा वा दर्ता भएको व्यवसायी हुनुपर्नेछ।

(ख) व्यावसायिक रूपमा अण्डा उत्पादन गरीरहेको हुनुपर्नेछ।

(ग) कुखुराको नियमित खोप तथा स्वास्थ्य व्यवस्थापन गरेको हुनुपर्नेछ।

(घ) उत्पादन तथा बिक्रीको अभिलेख राखेको हुनुपर्नेछ।

(ङ) सम्बन्धित वडा कार्यालयले प्रमाणित गरी सिफारिस गर्नुपर्नेछ।

(च) लाभग्राही किसान सूचीकरणमा समावेश भएको हुनुपर्नेछ।

(३) **छनोट प्रक्रियाः** यस कार्यक्रमका निम्नानुसारका छनोट प्रक्रिया हुनेछन्:

(क) अनुदान प्राप्त गर्न इच्छुक प्रस्तावकले अनुदान माग सम्बन्धी निवेदन फाराम (अनुसुचि १), नागरिकताको प्रतिलिपि, सम्बन्धित वडा कार्यालयको सिफारिस (अनुसूची २), व्यवसायिक योजना (अनुसूची ३) तथा बैंक खाताको विवरण संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ।

(ख) जैमिनी नगरपालिका कार्यालय वा पशु सेवा शाखाबाट स्थलगत अनुगमन गरिनेछ।

(ग) उत्पादन विवरण, व्यवसायको अवस्था तथा अभिलेखका आधारमा मूल्याङ्कन गरिनेछ।

(घ) पशु सेवा शाखाका प्राविधिक कर्मचारीको सिफारिसका आधारमा अनुदान रकम स्वीकृत गरिनेछ।

(ङ) स्वीकृत अनुदान सम्बन्धित कृषकको बैंक खातामार्फत उपलब्ध गराइनेछ।

(४) **अनुदान रकमः** उत्पादित अण्डाको परिमाणका आधारमा कृषकलाई प्रति अण्डा रु. ०.५० (पचास पैसा) वा प्रति क्रेट रु. १५/- (पन्ध्र रुपैयाँ) सम्म उत्पादनमा आधारित अनुदान उपलब्ध गराउन सकिनेछ। अनुदानको दर स्थानीय तहको वार्षिक बजेट, अण्डा उत्पादनको अवस्था तथा नगरपालिकाको उपलब्ध बजेटको सीमाभित्र रही निर्धारण गरी उपलब्ध गराउन सकिनेछ।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
जैमिनी नगरपालिका
कुश्मीसेरा, बागलुङ
२०७३

१८. <u>विपन्न एकल महिला वा पुरुष कार्यक्रमः</u> (१) आर्थिक तथा सामाजिक रूपमा पछाडि परेका विपन्न एकल महिला तथा पुरुषहरूको जीवनस्तर सुधार, आयआर्जनका अवसर सिर्जना, आत्मनिर्भरता अभिवृद्धि, सामाजिक संरक्षण तथा जीविकोपार्जनमा सहयोग पुऱ्याउने उद्देश्यले यो कार्यक्रम सञ्चालनमा ल्याइएको हो। यस कार्यक्रममार्फत विपन्न एकल महिला तथा पुरुषलाई आर्थिक तथा सामाजिक सहयोग उपलब्ध गराई उनीहरूको जीविकोपार्जनमा सुधार ल्याइनेछ। साथै, आयआर्जनमूलक कार्यक्रम सञ्चालन, सीप विकास, स्वरोजगार प्रवर्द्धन तथा आत्मनिर्भरता अभिवृद्धि गर्दै सामाजिक सुरक्षा र समावेशी विकासमा योगदान पुऱ्याउने तथा लक्षित वर्गको जीवनस्तर सुधार गर्ने लक्ष्य राखिएको छ।

(२) **कार्यक्रम सञ्चालन मापदण्डः** यस कार्यक्रममा निम्नानुसारको कार्यक्रम सञ्चालन मापदण्ड हुनेछन्:

(क) यस पालिकाको स्थायी बासिन्दा हुनुपर्ने।
(ख) एकल महिला वा पुरुषको रूपमा पहिचान भएको हुनुपर्ने।
(ग) आर्थिक तथा सामाजिक रूपमा विपन्न भएको हुनुपर्ने।
(घ) अन्य पशुजन्य समान प्रकृतिको सरकारी सुविधा दोहोरो रूपमा प्राप्त नगरेको हुनुपर्ने।
(ङ) लाभग्राही किसान सूचीकरणमा समावेश भएको हुनुपर्ने।
(च) सम्बन्धित वडा कार्यालयको सिफारिस (अनुसूची २) पेश गर्नुपर्ने।

(३) **कार्यक्रम सञ्चालन प्रक्रियाः** यस कार्यक्रमका निम्नानुसारको सञ्चालन प्रक्रिया हुनेछन्:

(क) जैमिनी नगरपालिकामार्फत कम्तिमा १५ दिने सूचना प्रकाशित गरिनेछ।
(ख) कार्यक्रममा सहभागी हुन इच्छुक लक्षित वर्गले कार्यक्रम सहभागिताका लागि तोकिएको निवेदन फाराम, नागरिकताको प्रतिलिपि, एकल भएको प्रमाण (लागू हुने भएमा) तथा सम्बन्धित वडा कार्यालयको सिफारिस संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ।
(ग) विपन्न एकल महिला तथा पुरुषलाई लक्षित गरी आयआर्जन, सीप विकास तथा जीविकोपार्जन सुधार सम्बन्धी कार्यक्रम सञ्चालन गरिनेछ।
(घ) लक्षित वर्गलाई आवश्यकता अनुसार नगद सहयोग, सामग्री सहयोग, सीप तालिम वा स्वरोजगार प्रवर्द्धन गरी कार्यक्रम सञ्चालन गर्न सकिनेछ।
(ङ) कृषि, पशुपालन, साना व्यवसाय, घरेलु उद्योग तथा अन्य आयमूलक कार्यमा सहयोग उपलब्ध गराउन सकिनेछ।
(च) स्वास्थ्य, सामाजिक सुरक्षा तथा आवश्यक सेवामा पहुँच अभिवृद्धिका लागि सहजीकरण गरिनेछ।
(छ) लक्षित वर्गको आवश्यकता र स्थानीय स्रोत साधनका आधारमा कार्यक्रम सञ्चालन गरिनेछ।
(ज) दरभाउ पत्र मागका आधारमा पशुपन्छी खरिद गरी वितरण गरिनेछ ।

(४) **छनोट प्रक्रियाः** (क) यस कार्यक्रमका लागि निम्नानुसारको छनोट समिति हुनेछः

| | |
|---|---|
| सम्बन्धित वडाका वडा अध्यक्ष | संयोजक |
| सम्बन्धित वडाका वडा सचिव | सदस्य |
| पशु प्राविधिक | सदस्य सचिव |

(ख) छनोट समितिले आर्थिक विकास समितिमा सिफारिस गर्नेछ। आर्थिक विकास समितिबाट अन्तिम निर्णय हुनेछ।

(५) **अनुदान रकमः** प्रति लाभग्राही अधिकतम रु. १५,०००/- (अक्षरुपी पन्ध्र हजार रुपैयाँ मात्र) सम्मको लागतभित्र पर्नेगरी पशु सेवा शाखाले निर्धारण गरेको प्राविधिक मापदण्डबमोजिम अनुदानका पशुपन्छी उपलब्ध गराउन सकिनेछ।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

१९. <u>मागमा आधारित संरचना सुधार तथा व्यवस्थापन कार्यक्रमः</u> (१) स्थानीय तहमा नागरिक तथा समुदायको माग, आवश्यकता र प्राथमिकताका आधारमा भौतिक संरचना सुधार, मर्मतसम्भार, व्यवस्थापन तथा सेवा प्रवाहलाई प्रभावकारी बनाउने उद्देश्यले मागमा आधारित संरचना सुधार, सामग्री, उपकरण तथा व्यवस्थापन कार्यक्रम सञ्चालनमा ल्याइएको हो। यस कार्यक्रममार्फत स्थानीय आवश्यकता र जनताको मागका आधारमा संरचना सुधार तथा व्यवस्थापनका कार्य सञ्चालन गर्ने, सार्वजनिक संरचनाको गुणस्तर, उपयोगिता र दिगोपन अभिवृद्धि गर्ने, स्थानीय समुदायको सहभागितामा विकास निर्माण तथा मर्मतसम्भार कार्यलाई प्रभावकारी बनाउने, सीमित स्रोतसाधनको उचित उपयोग गर्ने तथा सेवा प्रवाहसँग सम्बन्धित संरचनाको सुधार गरी नागरिकलाई सहज सुविधा उपलब्ध गराउने लक्ष्य राखिएको छ।

कार्यक्रम सञ्चालनका क्रममा स्थानीय आवश्यकता, माग र प्राथमिकताका आधारमा संरचना सुधार तथा व्यवस्थापनसम्बन्धी कार्यक्रम छनोट गरिनेछ। व्यावसायिक फर्म, कृषक समूह, कृषि सहकारी तथा निजी फर्मलाई गोठ वा खोर मर्मत, नश्ल सुधार, स्तरोन्नति तथा संरक्षणका लागि आवश्यक औजार, उपकरण तथा पशुपालनसम्बन्धी सामग्री सहयोग उपलब्ध गराउन सकिनेछ। सम्वन्धित लाभग्राही वा संस्थाको मागका आधारमा कार्यक्रम छनोट गरी उपलब्ध स्रोत, साधन तथा बजेटको सीमाभित्र रही प्राथमिकता निर्धारण गरिनेछ। संरचना सुधार तथा सामग्री, औजार र उपकरणमा लाभग्राहीको तर्फबाट कम्तिमा ५० प्रतिशत लागत साझेदारी सुनिश्चित गर्नुपर्नेछ।

(२) **कार्यक्रम सञ्चालन मापदण्डः** यस कार्यक्रममा निम्नानुसारको कार्यक्रम सञ्चालन मापदण्ड हुनेछः

(क) निवेदक जैमिनी नगरपालिकाभित्र दर्ता भई सञ्चालनमा रहेको कृषक समूह, कृषि सहकारी, व्यावसायिक कृषि/पशुपालन फर्म वा निजी उद्यमी हुनुपर्नेछ।

(ख) लाभग्राहीले गोठ, खोर वा अन्य संरचना सञ्चालनमा रहेको वा सञ्चालन गर्ने स्पष्ट योजना तथा औचित्य पेश गरेको हुनुपर्नेछ।

(ग) संरचना सुधार वा सामग्री, औजार तथा उपकरणको प्रयोगबाट उत्पादन, उत्पादकत्व, गुणस्तर, पशु कल्याण वा सेवा प्रवाहमा प्रत्यक्ष सुधार हुने कार्यक्रमलाई प्राथमिकता दिइनेछ।

(घ) सम्वन्धित वडा कार्यालय तथा कृषि/पशुपन्छी शाखाको स्थलगत निरीक्षण तथा सिफारिसका आधारमा कार्यक्रम छनोट गरिनेछ।

(ङ) लाभग्राहीले कुल लागतको कम्तीमा ५० प्रतिशत लागत साझेदारी गर्ने प्रतिवद्धता तथा क्षमता प्रमाणित गरेको हुपुर्नेछ।

(च) सरकारी निकाय वा अन्य दातृ संस्थाबाट सोही उद्देश्यका लागि दोहोरो अनुदान प्राप्त नगरेको हुनुपर्नेछ।

(छ) संरचना निर्माण वा मर्मतसम्भारका लागि आवश्यक कानुनी स्वामित्व, भोगाधिकार वा प्रयोगको अधिकार स्पष्ट भएको स्थानमा मात्र कार्यक्रम सञ्चालन गरिनेछ।

(ज) कार्यक्रमबाट बढी कृषक, पशुपालक वा समुदाय प्रत्यक्ष लाभान्वित हुने प्रस्तावलाई प्राथमिकता दिइनेछ।

(झ) पशु स्वास्थ्य, जैविक सुरक्षा (Biosecurity), वातावरण संरक्षण तथा फोहोर व्यवस्थापनका आधारभूत मापदण्ड पालना गर्ने प्रस्तावलाई प्राथमिकता दिइनेछ।

(ञ) विगतमा नगरपालिकाबाट प्राप्त अनुदान तथा कार्यक्रमको प्रभावकारी कार्यान्वयन गरी प्रगति हासिल गरेका लाभग्राहीलाई प्राथमिकता दिन सकिनेछ।

(ट) विनियोजित बजेट, कार्यक्रमको औचित्य तथा प्राविधिक सम्भाव्यताका आधारमा कृषि तथा पशुपन्छी शाखाको सिफारिस र अधिकार प्राप्त अधिकारीबाट स्वीकृत गरी कार्यक्रम सञ्चालन गरिनेछ।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३



CamScanner

(३) **कार्यक्रम सञ्चालन प्रक्रिया:** निम्नानुसारको सञ्चालन प्रक्रिया बमोजिम यो कार्यक्रम कार्यान्वयन हुनेछः

(क) प्राप्त निवेदन तथा प्रस्तावको प्रारम्भिक परीक्षण सम्बन्धित शाखाबाट गरिनेछ।

(ख) आवश्यकता, प्राथमिकता, लागत प्रभावकारिता तथा सार्वजनिक उपयोगिताका आधारमा मूल्याङ्कन गरिनेछ।

(ग) संरचना सुधार तथा औजार, उपकरण र सामग्री व्यवस्थापनका लागि निवेदन, सम्बन्धित संस्था वा सहकारीको हकमा निर्णयको प्रतिलिपि, वडा कार्यालयको सिफारिस, प्रस्तावित कार्यको विवरण तथा लागत अनुमानसहितको प्रस्ताव पेश गर्नुपर्नेछ।

(घ) संरचनाको अवस्था खुल्ने विवरण वा फोटो र सम्बन्धित निकायको बैंक खाता विवरण संलग्न गरी निवेदन पेश गर्नुपर्नेछ।

(ङ) छनोट समितिको सिफारिसका आधारमा कार्यक्रम छनोट गरिनेछ।

(च) कार्य सम्पन्न भएपछि प्राविधिक जाँच तथा अनुगमन गरी भुक्तानी तथा हस्तान्तरण प्रक्रिया अगाडि बढाइनेछ।

(४) **अनुदान रकमः** संरचना सुधार तथा व्यवस्थापनका लागि प्रस्तावित योजना, माग गरीएका सामग्री, व्यवसायको प्रकार तथा लागत साझेदारी/लगानी सुनिश्चिततासहित पेश गरिएको प्रस्तावका आधारमा आर्थिक विकास समितिको निर्णयबमोजिम सहयोग उपलब्ध गराउन सकिनेछ। सहयोगको सीमा, स्वरूप तथा प्राथमिकता स्थानीय तहको वार्षिक कार्यक्रम, स्वीकृत बजेट तथा प्राप्त मागको आधारमा निर्धारण गरिनेछ।

(५) **छनोट प्रक्रियाः** (क) यस कार्यक्रमका लागि निम्नानुसारको छनोट समिति हुनेछः

| | |
|---|---|
| सम्बन्धित वडाका वडा अध्यक्ष | संयोजक |
| सम्बन्धित वडाका वडा सचिव | सदस्य |
| पशु प्राविधिक | सदस्य सचिव |

(ख) छनोट समितिले आर्थिक विकास समितिमा सिफारिस गर्नेछ। आर्थिक विकास समितिबाट अन्तिम निर्णय हुनेछ।

## परिच्छेद-५

## विविध

२०. <u>**खर्च सम्बन्धी व्यवस्था:**</u> (क) यस कार्यविधिबमोजिम सञ्चालन हुने कृषि तथा पशुपन्छी विकाससम्बन्धी कार्यक्रमका लागि स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमको सीमाभित्र रही खर्च गरिनेछ। कार्यक्रम सञ्चालन गर्दा प्रचलित आर्थिक कार्यविधि, सार्वजनिक खरिदसम्बन्धी कानुन तथा नगर कार्यपालिकाबाट स्वीकृत नियम, निर्देशिका तथा मापदण्डको पालना गर्नुपर्नेछ।

(ख) स्वीकृत कार्यक्रमका लागि विनियोजित रकम तोकिएको उद्देश्य तथा शीर्षकअनुसार मात्र खर्च गर्नुपर्नेछ। अनुदान, सहयोग वा अन्य खर्चको भुक्तानी सम्बन्धित कार्य सम्पन्न भएको प्रमाण, विल, भरपाई तथा आवश्यक कागजातका आधारमा गरिनेछ।

(ग) कार्यक्रमका लागि विनियोजित कुल बजेटको अधिकतम ५ प्रतिशत रकम अनुगमन, बैठक भत्ता तथा विविध शीर्षकमा खर्च गर्न सकिनेछ। कार्यक्रम सञ्चालनका क्रममा भएको खर्चको अभिलेख व्यवस्थित गरी शाखाले प्रतिवेदन पेश गर्नुपर्नेछ।

२१. <u>**अनुगमन तथा मूल्याङ्कन:**</u> यस कार्यविधिबमोजिम सञ्चालन हुने कृषि तथा पशुपन्छी विकाससम्बन्धी कार्यक्रमहरूको प्रभावकारिता, पारदर्शिता तथा गुणस्तर सुनिश्चित गर्न जैमिनी नगरपालिकाबाट नियमित रूपमा अनुगमन तथा मूल्याङ्कन

जैमिनी नगरपालिका नगर कार्यपालिकाको कार्यालय कुश्मीसेरा, बागलुङ २०७३

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

गरिनेछ। अनुगमन तथा मूल्याङ्कनका क्रममा प्राप्त सुझाव तथा पृष्ठपोषणका आधारमा आवश्यक सुधार तथा व्यवस्थापनका कार्य गरिनेछ।

२२. बाधा अड्काउ फुकाउः यस कार्यविधिको कार्यान्वयनका क्रममा कुनै बाधा उत्पन्न भएमा प्रचलित कानुनको अधिनमा रहेर जैमिनी नगर कार्यपालिकाको निर्णयबाट बाधा अड्काउ फुकाउन सकिनेछ।

२३. खारेजी तथा संशोधनः आवश्यकता र औचित्यका आधारमा यस कार्यविधिमा संशोधन, परिमार्जन वा खारेजी गर्ने अधिकार जैमिनी नगरपालिका नगर कार्यपालिकामा निहित रहनेछ।

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३



CamScanner

## अनुसूची १
## कार्यक्रम माग निवेदन फाराम

श्री प्रमुख प्रशासकीय अधिकृतज्यू,
जैमिनी नगरपालिका,
बागलुङ।

विषयः कार्यक्रम उपलब्ध गराइदिनुहुन।

म/हामी देहाय बमोजिमको कृषक/कृषक समूह/कृषि सहकारी/कृषि फर्म/उद्यमी भएकोले आर्थिक वर्ष ........... को स्वीकृत कृषि विकास कार्यक्रम अन्तर्गत देहायको कार्यक्रममा सहभागी हुन इच्छुक भएकाले आवश्यक कागजात सहित यो निवेदन पेश गरेको/गरेका छु/छौं।

१. आवेदकको विवरण

- नाम, थर/संस्था : ................................................
- कृषक सूचीकरण नं. : ............................................
- नागरिकता नं./दर्ता नं. : ......................................
- ठेगाना : जैमिनी नगरपालिका, वडा नं. ...........
- सम्पर्क नं. : ......................................................
- बैंकको नाम : ..................................................
- खाता नं. : ........................................................

२. माग गरिएको कार्यक्रम

कार्यक्रमको नाम : ..................................................

३. कार्यक्रम सञ्चालन गर्ने स्थान

- टोल : ..............................................................
- वडा नं. : ..........................................................
- जग्गाको क्षेत्रफल : ................ रोपनी/हेक्टर

४. हालको अवस्थाको विवरण

..........................................................................

५. अपेक्षित उपलब्धी

..........................................................................

२५
रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

CamScanner

६. संलग्न कागजात

- नेपाली नागरिकताको प्रतिलिपि
- कृषक सूचीकरण प्रमाणपत्रको प्रतिलिपि
- जग्गाधनी प्रमाणपुर्जा/भाडा सम्झौता
- समूह/सहकारी दर्ता प्रमाणपत्र (लागू भएमा)
- बैंक खाताको विवरण
- अन्य ......................................

माथि उल्लिखित विवरण सत्य र सही भएको बेहोरा प्रमाणित गर्दछु। झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा प्रचलित कानुन बमोजिम कारबाही भोगेर अनुदान फिर्ता गर्न मञ्जुर छु।

निवेदकको

नाम : ................................................

दस्तखत : ...........................................

मिति : ...............................................

सम्पर्क नं. : .......................................

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

अनुसूची २

सम्बन्धित वडा कार्यालयको सिफारिस

मिति:

श्री प्रमुख प्रशासकिय अधिकृतज्यू,
जैमिनी नगरपालिकाको कार्यालय,
बागलुङ।

विषयः कार्यक्रमका लागि सिफारिस गरिएको सम्बन्धमा।

प्रस्तुत विषयमा, यस वडा कार्यालयमा प्राप्त श्री/श्रीमती/संस्था ............................................................ को ................................. कार्यक्रममा सहभागी हुन पेस गरेको निवेदन, संलग्न कागजात तथा स्थलगत विवरण जाँचबुझ गर्दा निज/उक्त संस्था कार्यक्रमका लागि योग्य देखिएको हुँदा पालिकाको कार्यविधि बमोजिम आवश्यक कार्यार्थ सिफारिस गरिएको बेहोरा अनुरोध छ।

आवेदकको विवरण

- नाम, थर/संस्थाको नाम : ............................................
- ठेगाना : जैमिनी नगरपालिका, वडा नं. .............
- कार्यक्रमको नाम : ..................................................
- खेती गरिएको क्षेत्रफल : ................ रोपनी/हेक्टर

सिफारिस गर्ने

..............................................

वडा अध्यक्ष

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

# अनुसूची ३
## व्यवसायिक योजना

**१. आवेदकको परिचय**

- आवेदकको नाम :
- बाबु/पति :
- बाजे :
- स्थायी ठेगाना :
- हालको ठेगाना :
- सम्पर्क नम्बर :
- नागरिकता नं. :
- कृषक सूचीकरण नं. :
- प्यान नं. (लागू भएमा) :
- बैंकको नाम :
- बैंक खाता नं. :

**२. व्यवसायको परिचय**

- व्यवसाय/फार्मको नाम :
- व्यवसायको प्रकृति :
  - व्यक्तिगत
  - कृषक समूह
  - सहकारी
  - कृषि फर्म
  - कम्पनी
- दर्ता नं. :
- दर्ता मिति :
- दर्ता गर्ने निकाय :
- व्यवसाय सञ्चालन भएको अवधि :
- हाल सञ्चालन भइरहेको वा नयाँ :
  - नयाँ
  - सञ्चालनमा रहेको

**३. प्रस्तावित कार्यक्रम**

- मसलाबालीको नाम :
- जात/प्रजाति :
- खेती गरिने स्थान :
- वडा नं. :
- जग्गाको स्वामित्व :
  - आफ्नै
  - भाडा

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

- अन्य
- कुल क्षेत्रफल :
- उत्पादनमा रहेको क्षेत्रफल :
- विस्तार गरीने क्षेत्रफल :
- सिंचाइको अवस्था :
- सडक पहुँच :
- भण्डारण सुविधा :

**४. परियोजनाको पृष्ठभूमि**

व्यवसाय सञ्चालन गर्नुको उद्देश्य, स्थानीय सम्भावना, बजारको अवस्था, व्यवसाय विस्तारको आवश्यकता तथा अपेक्षित उपलब्धि उल्लेख गर्ने।

.........................................................................

.........................................................................

**५. उद्देश्य**

- व्यावसायिक मसलाबाली खेतीको विस्तार गर्ने।
- उत्पादन तथा उत्पादकत्व वृद्धि गर्ने।
- न्यूनतम समर्थन मूल्यमार्फत कृषकलाई उचित मूल्य सुनिश्चित गर्ने।
- स्थानीय उत्पादनलाई बजारसँग जोड्ने।
- कृषकको आयआर्जन तथा रोजगारी वृद्धि गर्ने।
- अन्य।

**६. हालको अवस्था**

| विवरण | परिमाण |
|---|---|
| हाल खेती गरिएको क्षेत्रफल | |
| वार्षिक उत्पादन | |
| वार्षिक बिक्री | |
| औसत बिक्री मूल्य | |
| वार्षिक आम्दानी | |

**७. प्रस्तावित उत्पादन योजना**

| विवरण | परिमाण |
|---|---|
| खेती विस्तार क्षेत्रफल | |
| उत्पादन लक्ष्य | |
| अपेक्षित उत्पादकत्व | |
| बिक्री गर्ने परिमाण | |
| अनुमानित बिक्री मूल्य | |

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७२

CamScanner

८. कार्ययोजना

| क.सं. | गतिविधि | समयावधि | जिम्मेवार |
|---|---|---|---|
| १ | जग्गा तयारी | | |
| २ | बीउ/बिरुवा खरिद | | |
| ३ | रोपाईं/रोपण | | |
| ४ | मल तथा पोषण व्यवस्थापन | | |
| ५ | रोग तथा कीरा व्यवस्थापन | | |
| ६ | गोडमेल तथा स्याहार | | |
| ७ | बाली संकलन | | |
| ८ | प्रशोधन | | |
| ९ | बजारीकरण | | |

९. लागत अनुमान

| विवरण | इकाइ | परिमाण | दर | जम्मा (रु.) |
|---|---|---|---|---|
| जग्गा तयारी | | | | |
| बीउ/बिरुवा | | | | |
| प्राङ्गारिक मल | | | | |
| रासायनिक मल | | | | |
| जैविक/रासायनिक विषादी | | | | |
| श्रम | | | | |
| सिँचाइ | | | | |
| उपकरण | | | | |
| ढुवानी | | | | |
| अन्य | | | | |
| जम्मा लागत | | | | |

१०. वित्तीय स्रोत

| स्रोत | रकम (रु.) |
|---|---|
| आफ्नै लगानी | |
| बैंक/वित्तीय संस्था | |
| नगरपालिका अनुदान | |
| अन्य | |

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

नगर कार्यपालिकाको कार्यालय
जैमिनी नगरपालिका
कुश्मीसेरा, बागलुङ
२०७२

| स्रोत | रकम (रु.) |
|---|---|
| जम्मा | |

**११. बजार योजना**

- लक्षित बजार :
- खरिदकर्ता :
- बिक्री गर्ने माध्यम :
- बजारसम्मको दूरी :
- ढुवानीको व्यवस्था :
- न्यूनतम समर्थन मूल्यमा बिक्री गर्ने योजना :

**१२. जोखिम तथा न्यूनीकरण**

| सम्भावित जोखिम | न्यूनीकरणका उपाय |
|---|---|
| रोग तथा कीरा | |
| प्राकृतिक प्रकोप | |
| मूल्य घट्ने | |
| बजार अभाव | |
| अन्य | |

**१३. अपेक्षित उपलब्धि**

- वार्षिक उत्पादन : ............................
- वार्षिक बिक्री : ............................
- अनुमानित आम्दानी : रु. ........................
- रोजगारी सिर्जना : ............ जना
- लाभान्वित परिवार : ............ परिवार

**१४. वातावरणीय तथा सामाजिक पक्ष**

- वातावरणमैत्री कृषि अभ्यास अपनाइने।
- सुरक्षित विषादी प्रयोग गरिने।
- माटो तथा जल संरक्षणका उपाय अवलम्बन गरिने।
- महिला तथा युवाको सहभागिता सुनिश्चित गरिने।

**१५. स्वघोषणा**

यस व्यवसायिक योजनामा उल्लेख गरिएका सम्पूर्ण विवरण सत्य तथा सही छन्। प्रचलित कानुन तथा कार्यविधिको पूर्ण पालना गर्नेछु/गर्नेछौं। झुट्टा विवरण पेश गरेको प्रमाणित भएमा प्राप्त अनुदान फिर्ता गर्न तथा प्रचलित कानुनबमोजिम हुने कारबाही स्वीकार गर्न मञ्जुर छु/छौं।

छाप (संस्था भएमा):

निवेदक
नाम : ............................................
दस्तखत : ............................................

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## अनुसूची ४
## न्यूनतम उत्पादन, बिक्री परिमाण तथा अनुदान दर निर्धारण तालिका

न्यूनतम उत्पादन, बिक्री परिमाण तथा अनुदान दर निर्धारण तालिका

| क्र.सं. | कृषि उपज/बालीको नाम | न्यूनतम उत्पादन परिमाण | न्यूनतम बिक्री परिमाण | एकाइ | उत्पादनमा आधारित अनुदान दर | अधिकतम अनुदान सीमा | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | |
| २ | | | | | | | |
| ३ | | | | | | | |
| ४ | | | | | | | |
| ५ | | | | | | | |
| ६ | | | | | | | |
| ७ | | | | | | | |
| ८ | | | | | | | |

आर्थिक विकास समितिको निर्णय नं.: ...................... निर्णय मितिः

**प्रस्ताव गर्ने:**
नामः .........................................
पदः .........................................
दस्तखतः ...................................
मितिः .......................................

**सिफारिस गर्ने:**
नामः .........................................
पदः .........................................
दस्तखतः ...................................
मितिः .......................................

**स्वीकृत गर्ने:**
नामः .........................................
पदः .........................................
दस्तखतः ...................................
मितिः .......................................

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## अनुसूची ५
## कृषि एम्बुलेन्स ढुवानी रसिद

कृषक/समूह/सहकारीको नामः ................................ ठेगानाः जै.न.पा. वडा नं. ........

सम्पर्क नं.: ....................................

रसिद नं.: ...................... मितिः

२. कृषि उपज ढुवानी विवरण

| क.सं. | कृषि उपजको नाम | परिमाण/तौल | एकाइ | संकलन स्थल | गन्तव्य/बजार | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | के.जी. | | | |
| २ | | | के.जी. | | | |
| ३ | | | के.जी. | | | |
| ४ | | | के.जी. | | | |
| | जम्मा | | | | | |

कुल तौलः ............................... के.जी. ढुवानी शुल्कः रु. ...................... के.जी.

ढुवानी मितिः सवारी नं.: .......................

**कृषक/उपज बुझाउनेकोः**

नामः ............... ...............

दस्तखतः ..............................

सम्पर्क नं.: ...........................

*उल्लेखित कृषि उपज स्वयम्/संस्थामार्फत उत्पादन गरी कृषि एम्बुलेन्स प्रयोग गरेको व्यहोरा प्रमाणित गर्दछु।*

**एम्बुलेन्स चालक/सञ्चालकको**

नामः ............... ...............

दस्तखतः ..............................

सम्पर्क नं.: ...........................

*उल्लेखित कृषि उपज तोकिएको स्थानबाट तोकिएको गन्तव्यसम्म ढुवानी गरिएको व्यहोरा प्रमाणित गर्दछु।*

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## अनुसूची ६
## कृषि उपज बिक्री बिल/भरपाई

बिल/भरपाई नं.: ........................

बिक्री मितिः

कृषि उपज बिक्री विवरण

| क.सं. | कृषि उपजको नाम | परिमाण/तौल | एकाइ | प्रति एकाइ बिक्री मूल्य (रु.) | जम्मा बिक्री रकम (रु.) | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | | | के.जी. | | | |
| २ | | | के.जी. | | | |
| ३ | | | के.जी. | | | |
| ४ | | | के.जी. | | | |
| | जम्मा | | | | रु. | |

कुल बिक्री रकमः रु. ........................ अक्षरेपीः .............................. ......................

**बिक्रीकर्ताको (कृषक/समूह/सहकारी/फार्मको) विवरण**

नामः......................... ...........................

दस्तखतः ............... .........................

ठेगानाः ........................

सम्पर्क नं.: .........................................

कृषक दर्ता नं.: .....................................

छाप (भएमा): .......................................

*उल्लेखित कृषि उपज उत्पादन गरी उल्लेखित परिमाणमा बिक्री गरेको र यस बिल/भरपाईमा उल्लेखित विवरण सत्य रहेको बेहोरा प्रमाणित गर्दछु।*

**खरिदकर्ता (व्यापारी/फर्म/संस्थाको)को विवरण**

नामः ...................... ......................

दस्तखतः ........................................

ठेगानाः ........................................

सम्पर्क नं.: ..................................

दर्ता नं.: ........................................

छाप (भएमा): ..................................

*माथि उल्लेखित कृषि उपज उल्लेखित परिमाणमा उल्लिखित कृषक/समूह/सहकारीबाट खरिद गरेको बेहोरा प्रमाणित गर्दछु।*

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३

## अनुसूची ७

## सहकारी/कृषि उपज संकलन केन्द्रको बिक्री अभिलेख

संस्था/सहकारी/संकलन केन्द्रको नामः ...................................... ठेगानाः जै. न. पा. वडा नं. ........

दर्ता नं.: ...................................... आर्थिक वर्षः

### कृषि उपज खरिद तथा बिक्री अभिलेख

| क.सं. | मिति | कृषकको नाम | वडा नं. | कृषि उपजको नाम | कृषकबाट खरिद परिमाण (कि.जी.) | कृषकलाई दिएको मूल्य (रु./के.जी.) | कुल खरिद रकम (रु.) | बजार/खरिदकर्ताको नाम | बिक्री परिमाण (कि.जी.) | बिक्री मूल्य (रु./के.जी.) | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | | | | |
| २ | | | | | | | | | | | |
| ३ | | | | | | | | | | | |

**अभिलेख तयार गर्ने कर्मचारीको:**
नामः ..............................................
पदः ..............................................
दस्तखतः ..............................................
मितिः ..............................................

**सहकारी/संकलन केन्द्र प्रमुखको:**
नामः ..............................................
पदः ..............................................
दस्तखतः ..............................................
मितिः ..............................................

**प्रमाणित गर्ने कृषि प्राविधिकको:**
नामः ..............................................
पदः ..............................................
दस्तखतः ..............................................
मितिः ..............................................

संस्थाको छापः..................................

रमेश पाण्डेय
प्रमुख प्रशासकीय अधिकृत

जैमिनी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
कुश्मीसेरा, बागलुङ
२०७३